मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

## उद्योगमन्त्रीद्वारा आयल निगम निरीक्षण

**मधेशदृष्टि**
**बारा।**
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री गौरी कुमारी यादवले अमलेखगञ्जस्थित नेपाल आयल निगमको मधेश प्रदेश प्रादेशिक कार्यालयको निरीक्षण गरेकी छिन्।
शनिबार गरिएको निरीक्षणका क्रममा नेपाल आयल निगमका निमित्त निर्देशक नागेन्द्र शाहसहितको टोलीले मन्त्री यादवलाई निगमको वर्तमान अवस्था, इन्धन भण्डारण क्षमता तथा आपूर्ति व्यवस्थाबारे जानकारी गराएको थियो । अन्तर्राष्ट्रिय बजारसँगै नेपालमा पनि पेट्रोलियम पदार्थको मूल्य वृद्धि भइरहेका बेला गरिएको निरीक्षणका क्रममा मन्त्री यादवले मूल्यवृद्धिको प्रभाव न्यूनीकरणका लागि इथानोल उत्पादनलाई प्राथमिकता दिनुपर्ने बताइन्।
उनले पेट्रोलियममा निर्भरता घटाउन वैकल्पिक उपायहरूको खोजी आवश्यक रहेको धारणा व्यक्त गरिन्।

● वर्ष ४ ● अंक १८५ ● २०८३ साल जेष्ठ १० गते आइतबार ● Sunday 24, May 2026 ● सूर्योदय: बिहान ०५:१४ बजे ● सूर्यास्त: साँझ ०६:५० बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-



**नेपाल–भारत सीमा सुरक्षाका विषयमा बैठकः** नेपाल–भारत सीमावर्ती जिल्लाको संयुक्त समन्वय समितिको बैठक बिहारको सीतामढीमा जारी । बैठकमा सर्लाही, महोत्तरी र रौतहट जिल्लाका सुरक्षा निकायका प्रमुखहरूका साथै भारतीय अधिकारीहरूको सहभागिता छ । तस्बिरः विश्वनाथ ठाकुर

# आज एमाले अध्यक्षले बैठकमा जवाफ दिने



**मधेशदृष्टि**
**काठमाडौँ।**
नेकपा एमालेको दुई दिनदेखि जारी सचिवालयमा बैठकमा आफूविरुद्ध पदाधिकारीहरु उत्रिएपछि अध्यक्ष केपी शर्मा ओलीले आज आइतबार जवाफ दिने भएका छन्। पार्टीलाई चौतर्फी आक्रमण भइरहँदा संकटमा पार्न खोजिएको उनको पुरानो रटान भने कायमै छ। विगतमा आफ्नै भनिएका नेताहरू मार्ग प्रशस्त गरेर जानुपर्ने पक्षमा उभिएपछि ओलीले विरोधीसँग मिलेर पार्टी सक्न खोजिएको आरोप लगाएका छन् । उनले आफ्ना कुरा आइतबार सम्बोधनमा राख्ने बताए।
बैठकपछि एक नेताले भने, 'उनले बीचबीचमा बोल्नुभयो । कडै छ कुरा । तपाईंहरूको कुरा सुनिरहेको छु । भोलि म बोल्छु भन्नुभएको छ ।' शुक्रबारदेखि चलेको बैठकमा बहुमत पदाधिकारीले एमालेलाई कमजोर अवस्थामा पु¥याएको जिम्मेवारीसहित राजीनामा दिएर नेतृत्व हस्तान्तरणको बाटोमा जान सुझाएका छन्। शुक्रबारको त बैठकमा चर्काचर्कीसमेत भएको थियो ।
नेताहरूको कार्यविभाजन प्रस्तावको मूल एजेण्डा राखिएको सचिवालय बैठक पार्टी पुनर्गठनमा केन्द्रित भएको छ।

# विस्तारित बैठकमा रास्वपा सांसदहरु लखेटिए



**मधेशदृष्टि**
**वीरगंज।**
बाराको कलैयामा आयोजित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को जिल्लास्तरीय विस्तारित बैठक विवादका बीच सम्पन्न भएको छ । करण राज होटलमा शनिबार आयोजित बैठकमा संस्थापन पक्ष र संस्थापन इतरका पक्षविच विवाद भएको थियो । कारबाहीमा परेका बाराका निवर्तमान जिल्ला सभापति पक्ष र उनको विरोधी पक्षबीच विवाद बढ्दै झडपमा परिणत भएको कार्यक्रमका सहभागीहरूले बताएका छन्।
निवर्तमान सभापति पक्षले निर्वाचित सांसदहरूको कुरा, गलत निर्णय र हस्ताक्षेपको कारण जिल्ला पार्टीमा समस्या आएको भन्दै सांसदहरूको विरोध गरेका थिए । तनाव बढदै गए पछि सांसद तथा पार्टी नेताहरू कार्यकर्ताको सुरक्षामा हलबाट बाहिर निश्किएका हुन् । स्थिति साम्य पार्न प्रहरीले हस्ताक्षेप गरेको थियो । जिल्ला अधिवेशनसम्बन्धी छलफलका क्रममा केही असन्तुष्ट पक्षले होहल्ला गर्ने प्रयास गरेपछि सामान्य विवाद भएको सांसद रहबर अन्सारीको भनाई छ । अन्सारीले पार्टीबाट निष्काशित केही व्यक्तिहरूले कार्यक्रममा अवरोध गर्न खोजेको दाबी गर्दै त्यसैले तनावको अवस्था सिर्जना भएको बताए । यसअघि वैशाख २७ गते रास्वपा केन्द्रीय समितिले चन्दन स्वर्णकारको सभापतित्वमा रहेको बारा जिल्ला समिति विघटन गरेको थियो, पछि संस्थापन पक्ष र इतर पक्षबीच झन द्वन्द्व चर्किएको थियो । शनिबारको कार्यक्रममा बाराका चारैजना सांसद रहबर अन्सारी, अरबिन्द साह, गणेश धिमाल र चन्दन सिंहका साथै काठमाडौँबाट आएका पार्टी नेता राजन शर्मा, कामिनी चौधरी तथा मधेश प्रदेशस्तरका नेताहरूको पनि उपस्थिति थियो।

# पत्रकारितामाथि बढ्दो अविश्वासबारे आत्मसमीक्षा आवश्यकः सभामुख

**मधेशदृष्टि**
**महोत्तरी।**
मधेशका सभामुख रामअशिष यादवले पछिल्लो समय पत्रकारिताप्रति समाजमा बढ्दै गएको अविश्वासबारे सञ्चार क्षेत्रभित्रै गम्भीर समीक्षा हुनुपर्ने बताएका छन्।
नेपाल पत्रकार महासंघ महोत्तरी शाखाको १२औँ साधारण सभालाई सम्बोधन गर्दै सभामुख यादवले पत्रकारिताको विश्वसनीयता कमजोर बन्दै गएको संकेत देखिएकाले त्यसका कारण र समाधानबारे सञ्चारकर्मी स्वयम्ले खुला छलफल गर्नुपर्ने बताए। उनले पत्रकारहरूप्रति अविश्वासको वातावरण किन निर्माण भइरहेको छ भन्ने विषयमा आत्ममूल्यांकन आवश्यक रहेको उल्लेख गरे।
उनले पत्रकारिता कुनै पनि सत्ता वा राजनीतिक शक्तिको पक्षमा सीमित



हुन नहुने धारणा राख्दै सञ्चारकर्मीले स्वतन्त्र र आफ्नै व्यावसायिक मूल्यअनुसार अघि बढ्नुपर्ने बताए।
संविधानको सन्दर्भ जोड्दै यादवले संघीयता, समानता, समावेशिता र सामाजिक न्याय नेपालको लोकतान्त्रिक व्यवस्थाका मुख्य आधार रहेको बताए । उनका अनुसार संविधानले परिकल्पना गरेका यी मूल्यमान्यता कमजोर भए लोकतन्त्र नै प्रभावित हुने अवस्था सिर्जना हुन सक्छ।
सामाजिक न्याय र जनअधिकारका विषय उठाउने सञ्चारमाध्यममाथि राज्यले कुनै प्रकारको अंकुश लगाउन नहुने पनि उनले बताए।
नेपाल पत्रकार महासंघ महोत्तरीका अध्यक्ष महेश दासको अध्यक्षतामा भएको कार्यक्रममा हरिप्रसाद मण्डल, इन्द्रदेव यादव, दशरथ भण्डारी लगायत विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

# बरियारपट्टी छोटी भन्सार बन्दविरुद्ध आन्दोलन जारी



**मधेशदेष्टि**
**सिरहा।**
बरियारपट्टीस्थित छोटी भन्सार कार्यालय बन्द गर्ने सरकारको निर्णयविरुद्ध सीमावर्ती क्षेत्रका स्थानीय बासिन्दा आन्दोलनमा उत्रिएका छन्। व्यापारी, जनप्रतिनिधि तथा विभिन्न राजनीतिक दलका स्थानीय नेताहरूले निर्णय फिर्ताको माग गर्दै निरन्तर विरोध प्रदर्शन गरिरहेका हुन्।
स्थानीयका अनुसार पटक–पटक ज्ञापनपत्र बुझाउँदा, शान्तिपूर्ण आन्दोलन गर्दा र सरकारको ध्यानाकर्षण गराउँदासमेत कुनै सुनुवाइ नभएपछि आन्दोलन थप सशक्त बनाइएको हो । शनिबार बिहानदेखि बरियारपट्टी गाउँपालिका–३ स्थित छोटी भन्सार कार्यालयको मूल गेटअगाडि धर्ना कार्यक्रम सञ्चालन गरिएको छ।
नेपाल सरकारले २०८३ वैशाख २१ गते राजपत्रमा सूचना प्रकाशित गर्दै छोटी भन्सार कार्यालय बन्द गर्ने निर्णय गरेको थियो । स्थानीयहरूले यस निर्णयले सीमावर्ती व्यापार, राजस्व संकलन, रोजगारी र स्थानीय आर्थिक गतिविधिमा प्रत्यक्ष असर परेको बताएका छन्।
स्थानीयवासी देबलाल यादवका अनुसार भन्सार बन्द भएपछि सयौं व्यापारी, मजदुर तथा दैनिक रूपमा नेपाल–भारत आवतजावत गर्ने सर्वसाधारण प्रभावित हुने अवस्था सिर्जना भएको छ । आन्दोलनकारीहरूले मधेश र सीमावर्ती क्षेत्रप्रति सरकारले विभेदपूर्ण व्यवहार गरेको आरोपसमेत लगाएका छन्।
धर्ना कार्यक्रमको नेतृत्व गरिरहेका वडा नम्बर–३ का अध्यक्ष विनोदकुमार यादवले राजस्व संकलन हुने कार्यालय बन्द गरेर सरकारले स्थानीय व्यापारलाई कमजोर बनाउन खोजेको आरोप लगाए । उनले सीमामा बसोबास गर्ने नागरिकका समस्याप्रति सरकार उदासीन बनेको टिप्पणी गरे।
यसअघि आन्दोलनकारीहरूले वैशाख २३ गते जिल्ला प्रशासन कार्यालय सिरहा मार्फत सरकारलाई ज्ञापनपत्र बुझाएका थिए । साथै वैशाख २४ गतेदेखि २८ गतेसम्म चरणबद्ध विरोध कार्यक्रमसमेत सञ्चालन गरिएको थियो । तर निरन्तरको दबाबपछि पनि सरकारले चासो नदिएको भन्दै स्थानीयहरू थप आन्दोलित बनेका हुन्।
बरियारपट्टी बजार व्यवस्थापन समितिका अध्यक्ष अमियकुमार यादवले सरकार जनताको आवाजप्रति संवेदनशील नभएको आरोप लगाए । उनले शान्तिपूर्ण आन्दोलन र ध्यानाकर्षणका प्रयासलाई बेवास्ता गरिएको भन्दै आगामी दिनमा आन्दोलन अझ कडा बनाइने चेतावनी दिए।
धर्नाका क्रममा प्रदर्शनकारीहरूले 'छोटी भन्सार फिर्ता गर', 'अर्थमन्त्री होसियार', ''जनताको माग पूरा गर' तथा 'सीमावर्ती क्षेत्रमाथिको विभेद बन्द गर' जस्ता नाराबाजी गरेका थिए।
स्थानीय व्यापारीहरूले सरकारले समयमै निर्णय फिर्ता नलिए थप कडा संघर्षका कार्यक्रम घोषणा गरिने बताएका छन्।

# पुरुषोत्तम महिनामा जानकी मन्दिरमा ५६ भोग अर्पण

**मधेशदृष्टि**
**जनकपुरधाम।**
पुरुषोत्तम महिनाको अवसर पारेर भारतको जयपुर निवासी एक दम्पतीले वैवाहिक जीवनको रजत जयन्ती विशेष धार्मिक कार्यक्रमका साथ मनाएका छन् । उनीहरूले जानकी मन्दिर परिसरमा भगवान श्रीराम र माता जानकीलाई ५६ भोग अर्पण गर्दै पूजा–आराधना गरेका हुन्।
धार्मिक आस्था, वैवाहिक संस्कार र सनातन परम्पराप्रतिको श्रद्धा व्यक्त गर्ने उद्देश्यले आयोजित कार्यक्रममा साधुसन्त, श्रद्धालु भक्तजन तथा स्थानीयवासीको उल्लेख्य सहभागिता रहेको थियो। विशेष पूजा, संकीर्तन, वैदिक मन्त्रोच्चारण र प्रसाद वितरणका कारण मन्दिर परिसर भक्तिमय बनेको थियो।
दम्पतीले वैवाहिक जीवनको २५ वर्ष पूरा भएको अवसरलाई आध्यात्मिक ढंगले स्मरणीय बनाउन मिथिलाको ऐतिहासिक तथा धार्मिक धरोहर जानकी मन्दिर रोजिएको बताएका



छन् । उनीहरूले भगवान श्रीराम–जानकीको कृपाले पारिवारिक जीवन सुखमय बनेको विश्वास व्यक्त गर्दै आगामी दिनमा पनि धर्म, संस्कार र मानवीय सेवामा समर्पित रहने प्रतिबद्धता जनाए।
जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दासले पुरुषोत्तम महिना आत्मशुद्धि, भक्ति र सत्कर्मको महिना भएको बताए । धार्मिक परम्पराले समाजमा नैतिकता, सहिष्णुता र पारिवारिक एकताको सन्देश दिने उनको भनाइ थियो।
उनले आधुनिक जीवनशैलीका कारण पारिवारिक तथा धार्मिक संस्कार कमजोर बन्दै गएको उल्लेख गर्दै यस्ता कार्यक्रमले समाजमा सकारात्मक ऊर्जा प्रवाह गर्ने धारणा राखे । विवाह सामाजिक सम्बन्ध मात्र नभई आध्यात्मिक र सांस्कृतिक बन्धनसमेत भएकाले रजत जयन्तीजस्तो अवसरलाई भगवानप्रति समर्पित गर्नु प्रेरणादायी कार्य भएको उनले बताए।
महन्थ दासका अनुसार मिथिलाको धार्मिक महत्व विश्वभर फैलिँदै गएको छ र भारतलगायत विभिन्न मुलुकबाट श्रद्धालुहरू जनकपुरधाम आउने क्रम बढ्दो छ । धार्मिक पर्यटन प्रवद्र्धनसँगै सनातन संस्कृतिको संरक्षणमा जानकी मन्दिरले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको उनले बताए । कार्यक्रमका अवसरमा मन्दिर परिसरमा ५६ प्रकारका परिकार सजाएर विशेष आरती गरिएको थियो । श्रद्धालुहरूले भगवानलाई अर्पण गरिएको भोगको दर्शन गर्नुका साथै प्रसाद ग्रहण गरेका थिए।

# ‘प्रविधिसँगै गुणस्तरीय शिक्षामा जोड’

**ललितपुर ।**
बागमती प्रदेशका मुख्यमन्त्री एवम् नेपाली कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँले प्रदेश सरकारले प्रविधिसँगै गुणस्तरीय नैतिक शिक्षालाई जोड दिने नीति लिएको बताएका छन् । निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन) जिल्ला कार्य समिति ललितपुरद्वारा शनिबार यहाँ आयोजित एसइई परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीलाई सम्मान तथा पुरस्कार वितरण कार्यक्रममा उनले आगामी बजेटमा प्रविधिसँगसँगै नैतिकता, अनुशासन र मर्यादासँग जोडिएको नैतिक शिक्षालाई अगाडि बढाउने तयारी गरिएको जानकारी दिए ।
‘योग, ध्यान, प्राणायाम, साधना नैतिकताले जस्तोसुकै प्रतिकूल अवस्थामा पनि मनस्थिति अनुकूल बनाएर बाँच्न सक्छ र सिक्छ, हाम्रो परम्पराले दिएको संस्कार र संस्कृतिको अवलम्बनले कठिन समयमा बलियो र सरल मान्छे बन्छ,’ उनले भने ।
मुख्यमन्त्री बानियाँले अबको शिक्षण पद्धति प्रविधिमैत्री हुँदै नेपाल र नेपालीलाई समृद्धितर्फ अगाडि बढाउनु छ भन्दै निजी विद्यालयहरूले पनि प्रविधिमैत्रीका साथसाथै नैतिक शिक्षालाई जोड दिनुपर्नेमा जोड दिए । मिहिनेत, अनुशासन र गुणस्तरीय शिक्षाले नै विद्यार्थीलाई सफलताको शिखरसम्म पु¥याउने भन्दै उनले उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी, अभिभावक तथा शिक्षकहरूलाई बधाई दिँदै शिक्षा क्षेत्रको गुणस्तर सुधारमा निजी विद्यालयहरूको योगदान महत्त्वपूर्ण रहेको उल्लेख गरे ।
कार्यक्रममा मुख्यमन्त्री बानियाँले उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीलाई प्रमाणपत्र तथा पुरस्कारसहित सम्मान गरे ।

# विपद्बाट ७० जनाको मृत्यु

**काठमाडौँ ।**
विसं २०८३ को वैशाखयता शनिबारसम्म भएका एक हजार ३ सय ४२ वटा विपद्जन्य घटनामा देशभर गरेर ७० जना नागरिकले ज्यान गुमाएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार वर्ष २०८३ को पछिल्लो ४० दिनमा घटना भएको र ३ सय ३३ जना नागरिक घाइते भएका छन् ।
प्राधिकरणकी प्रवक्ता शान्ति महतका अनुसार सबैभन्दा बढी लेक लागेर १६, चट्याङबाट १४ र आगलागीबाट ११ जनाले ज्यान गुमाएका छन् । यसैगरी, हुरीबाट नौ, जनावरको आक्रमणबाट आठ, सर्पदंशबाट पाँच, पहिरोबाट दुई, डुङ्गा पल्टिएर दुई तथा वन डढेलो, बाढी र हिउँपहिरोमा परेर एक–एक जनाको मृत्यु भएको छ । ती विपद्का घटनाबाट एक हजार ६ सय २१ परिवार प्रभावित भएका प्राधिकरणले आज सार्वजनिक गरेको विवरणमा उल्लेख छ । विपद्जन्य घटना संख्या हेर्दा भने सबैभन्दा बढी आगलागीका ४ सय ८८ वटा घटना भएका छन् । यसैगरी, हुरीका २ सय ३०, चट्याङका १ सय ३९ र सर्पदंशका १ सय ५ वटा घटना भएका छन् ।
पछिल्लो २४ घण्टामा मात्रै विपद्जन्य घटनामा परेरका तीन जनाको मृत्यु भएको पनि उनले बताए । ३२ वटा घटनामा १३ जना घाइते भएका र १७ लाखभन्दा बढीको क्षति भएको पनि प्राधिकरणले जनाएको छ । देशमा मनसुन प्रवेशको चरणमा रहेका बेला कतै बाढी पहिरो र कतै तातो हावाको लहर जारी छ । शनिबार पूर्वी नेपालका विभिन्न जिल्लामा भीषण बाढी आउँदा धेरै क्षेत्र प्रभावित भएको छ ।

# बेनी–जोमसोम सडकको म्याग्दी खण्ड अवरुद्ध

**म्याग्दी ।**
मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी–जोमसोम–कोरला सडकको म्याग्दी खण्ड अवरुद्ध भएको छ । म्याग्दीको रघुगङ्गा गाउँपालिका–१ बेगखोलामा शनिबार साँझ रूख ढलेर ७६ किलोमिटर दूरीको बेनी–जोमसोम सडकमा सिधा यातायात सम्पर्कविच्छेद भएको हो । सडक अवरुद्ध हुँदा बेनीदेखि मुस्ताङ र जोमसोमदेखि बेनीतर्फ आउँदै गरेका सवारी साधनहरु बीच बाटोमै रोकिएका छन् ।
स्थानीयवासीका साथै मुस्ताङ घुम्न तथा मुक्तिनाथ दर्शनमा जाने आउने पर्यटक र तीर्थयात्रीहरू प्रभावित भएका छन् । जिल्ला प्रहरी कार्यालय म्याग्दीका सूचना अधिकारी सागर तिमिल्सिनाले सडक विभागका उपकरण, सुरक्षाकर्मी र मजदुर परिचालन गरेर अवरुद्ध सडक खुलाउन पहल भइरहेको जानकारी दिए ।

# भदौ २४ को घटनामा सरकारको ढाकछोप स्वीकार्य छैनः गगन थापा



**विराटनगर ।**
नेपाली कांग्रेसका नेता गगन थापाले भदौ २४ गते भएको घटनाको ढाकछोप गर्ने सरकारको प्रयास कुनै पनि हालतमा स्वीकार्य नहुने बताएका छन् । शनिबार विराटनगरस्थित कोइराला निवासमा आयोजित पत्रकार भेटघाटमा उनले सरकारले आफ्नो प्रतिबद्धता अनुसार भदौ २४ गतेको घटनाको न्यायिक छानबिन गर्न आयोग गठन गर्नुपर्ने माग गरे ।
थापाले भदौ २३ र २४ गते भएका घटनाबारे राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने बताउँदै प्रतिवेदनका आधारमा दोषीमाथि कारबाही हुनुपर्ने जिकिर गरे । उनले मानव अधिकार आयोगको प्रतिवेदन रोक्न दबाब दिइएको भन्ने कुरा सुनिएको उल्लेख गर्दै त्यस्ता गतिविधि नगर्न सम्बन्धित पक्षलाई आग्रह गरे ।
एक प्रश्नको जवाफमा थापाले सरकार गठन भएयता कार्यपालिकाले व्यवस्थापिका र न्यायपालिकालाई नियन्त्रण गर्ने प्रयास गरिरहेको आरोप लगाए । उनले यस्ता गतिविधि लोकतान्त्रिक अभ्यासविपरीत रहेको भन्दै कुनै पनि हालतमा स्वीकार्य नहुने बताए । सरकारका गलत क्रियाकलाप रोक्न आफूहरू निरन्तर प्रयासरत रहने उनको भनाइ थियो । फरक प्रसङ्गमा उनले मुलुकको वर्तमान अवस्था र गम्भीरतालाई ध्यानमा राख्दै पार्टीभित्र देखिएका असहमति र विमतिलाई संवादमार्फत समाधान गर्न आफू तयार रहेको बताए । थापाले केन्द्रीय समिति बाहिर रहेका सबै पक्षलाई समेटेर अघि बढ्न आफू सकारात्मक रहेको उल्लेख गर्दै पार्टी विधि र विधानभन्दा बाहिर गएर काम नगर्न आग्रह गरे । रासस


## मोटरसाईकल हराएको सूचना

२०८३ जेष्ठ ०१ गते राती करिब ८ः२५ बजे जनकपुरधाम उपमहानगरपालिका वडा न.. १६ कपिलेश्वर क्षेत्रबाट मधेश प्रदेश प.२-१.प ३४४६ नम्बरको T20 Pulsar मोटरसाइकल चोरी भएको जानकारी गराउँदछौं । उक्त गाडीको विवरण निम्न प्रकार रहेको छ ।
सवारी मोडेल : ज्गबिक ब्गतय
कक : Pulsar-220 F ABS
च्यासिस नम्बर : MD2A13EX85C488384
इन्जिन नम्बर : DKXC5460594
सवारीको रङ्ग : SPA MFT BC RED
सम्पर्क नं. : 9851080700


# पर्सामा राष्ट्रपति रनिङ्ग शिल्ड सुरु, ३७५ विद्यार्थी विभिन्न खेलमा प्रतिस्पर्धामा

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा जिल्ला स्तरीय १६औं राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता शनिबारदेखि सुरु भएको छ । वीरगंजस्थित नारायणी रंगशालामा सुरु भएको प्रतियोगिताको उद्घाटन मधेश खेलकुद परिषद्का सदस्य सचिव शिवजी गुप्ताले गरेका हुन् । उद्घाटन समारोहलाई सम्बोधन गर्दै सदस्य सचिव गुप्ताले प्रतियोगितामा सहभागी विद्यार्थीहरूलाई अनुशासन, समर्पण र खेलभावनासहित आफ्नो प्रतिभा प्रदर्शन गर्न आग्रह गरे । उनले प्रतियोगितालाई व्यवस्थित, मर्यादित र सफल बनाउन सुरक्षा, व्यवस्थापन तथा प्राविधिक तयारीमा विशेष ध्यान दिनुपर्ने आवश्यकता औंल्याए ।



पर्सा जिल्ला खेलकुद विकास समितिको आयोजनामा सञ्चालन भइरहेको प्रतियोगिता आइतबारसम्म जारी रहनेछ । प्रतियोगितामा वीरगंज महानगरपालिका, पर्सागढी नगरपालिका, संखुवा प्रसौनी गाउँपालिका र ठोरी गाउँपालिकाका गरी ३७५ विद्यार्थी सहभागी भएका छन् । प्रतियोगिताअन्तर्गत एथलेटिक्स, भलिबल, कबड्डी, कराँते, तेक्वान्दोलगायत विभिन्न विधामा प्रतिस्पर्धा भइरहेको छ । जिल्लाका विद्यालयस्तरका छात्र–छात्राबीच हुने खेल प्रतिस्पर्धाले नयाँ खेल प्रतिभा पहिचान गर्नुका साथै खेलकुद विकासमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा आयोजकको छ ।
पर्सा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष दिपक साह कानुको अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा कार्यालय प्रमुख महमद नाजिर हुसेन, जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक राजु कार्की, सशस्त्र प्रहरी नायब उपरीक्षक मोहनराज निरौला, नेपाली सेनाको श्री जंग गण वीरगंजका उपसेनानी सन्देश तामाङ, नेपाल कबड्डी संघका केन्द्रीय सचिव महम्द फिरोज शेख, नेपाल खेलकुद पत्रकार मञ्च पर्साका अध्यक्ष तिवारी यादव, पत्रकार शम्भु कुमार सुमन तथा एथलेटिक्स प्रशिक्षक विश्वेश्वर पटेल र आकाश पटेललगायतको सहभागिता रहेको थियो ।

# मिर्चैयामा महिला स्वास्थ्य शिविर ४ सयभन्दा बढी लाभान्वित



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सिरहाको मिर्चैया नगरपालिकाले महिलामा बढ्दो जटिल स्वास्थ्य समस्यालाई लक्षित गर्दै सञ्चालन गरेको एकीकृत स्वास्थ्य स्क्रिनिङ तथा रोकथाम शिविरमा ४ सयभन्दा बढी महिलाको सहभागिता रहेको छ ।
३० देखि ६० वर्ष उमेर समूहका महिलालाई लक्षित गरी आयोजित शिविरमा स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सर, आङ खस्ने समस्या, प्रसूति फिस्टुला तथा बाझोपनसम्बन्धी निःशुल्क परीक्षण, परामर्श र स्क्रिनिङ सेवा प्रदान गरिएको नगरपालिकाले जनाएको छ ।
मिर्चैया अस्पताल परिसरमा सञ्चालन गरिएको शिविरमा बिहानैदेखि महिलाहरूको उल्लेख्य उपस्थिति देखिएको थियो । धेरै सहभागीले आफ्नै नगरमा पहिलो पटक विशेषज्ञ स्वास्थ्य सेवा सहज रूपमा पाएको भन्दै सन्तुष्टि व्यक्त गरेका थिए ।
नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख राजन कुमार साहले महिलामा लुकेर रहेका रोग समयमै पहिचान गरी उपचारको पहुँच विस्तार गर्ने उद्देश्यले शिविर आयोजना गरिएको बताए ।
उनका अनुसार महिलाहरू स्वास्थ्यप्रति पहिलेभन्दा बढी सचेत बन्दै गएका छन् र शिविरमा देखिएको उत्साहजनक सहभागिता सकारात्मक संकेत हो । प्रारम्भिक अवस्थामै रोग पहिचान गर्न सके उपचार प्रक्रिया प्रभावकारी हुने भएकाले यस्ता कार्यक्रम आवश्यक रहेको उनले बताए ।
शिविरमा विशेषज्ञ चिकित्सक तथा स्वास्थ्यकर्मीको टोलीले परीक्षण गर्दा धेरै महिलामा सुरुआती अवस्थामै विभिन्न स्वास्थ्य समस्या पहिचान भएको जनाएको छ ।
सहभागी महिलाहरूले गाउँ–नगरमै विशेषज्ञ सेवा उपलब्ध हुँदा उपचारका लागि टाढा जानुपर्ने बाध्यता कम भएको प्रतिक्रिया दिएका छन् ।
नगरपालिकाले आगामी दिनमा पनि महिलाको स्वास्थ्यलाई प्राथमिकतामा राख्दै यस्ता स्वास्थ्य शिविरलाई निरन्तरता दिने जनाएको छ ।

# केन्द्र सरकारको निर्णय लहान नगरपालिकाले नमान्ने, विद्यालय आइतबार पनि सञ्चालन गर्ने

**सिरहा ।**
लहान नगरपालिकाले पनि आइतबार विद्यालय सञ्चालन गर्ने भएको छ । केन्द्र सरकारले विद्यालयमा शनिबार र आइतबार बिदा दिने निर्णय गरेपनि नगरपालिकाले आइतबार सञ्चालन गर्ने निर्णय गरेको हो ।
नगरप्रमुख महेश प्रसाद चौधरीले शुक्रबार जारी गरेको सूचनाअनुसार नगर कार्यपालिकाको निर्णय बमोजिम पालिकाभित्र रहेका सम्पूर्ण सामुदायिक, धार्मिक तथा संस्थागत विद्यालयहरू अब आइतबारदेखि शुक्रबारसम्म नियमित रूपमा सञ्चालन हुनेछन् । विद्यालय सञ्चालनको समय भने साविककै रहने जनाइएको छ। शिक्षा तथा खेलकुद मन्त्रालयले इन्धन खपत नियन्त्रण, प्रशासनिक खर्च व्यवस्थापन तथा सरकारी प्रणालीलाई व्यवस्थित बनाउने उद्देश्यसहित संघीय सरकारले दुई दिने साप्ताहिक बिदाको व्यवस्था गरेको थियो । रासस

# लड्गडीमा सुविधासम्पन्न रिसोर्ट संचालनमा



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको ग्रामीण क्षेत्रमा पहिलो पटक सेवा सुबिधा सम्पन्न रिसोर्ट संचालनमा आएको छ । धोबिनी गाउँपालिका वडा नं ४ लड्गडी स्थित संचालनमा आएको ‘पर्सा भिलेज रिसोर्ट’ को एक समारोहबीच अनोखी गुप्ताले उद्धाटन गरेका छन् ।
रिसोर्टमा बिवाह, पार्टी, सगाई तथा कुनै किसिमका मिटिङ्ग गर्न सबैलाई आटने गरि भवन निर्माण गरिएको रिसोर्टका संचालक सुनिल कुमार गुप्ताले बताए । रिसोर्ट संचालनमा आएपश्चात यस क्षेत्रका जनताहरुलाई बिवाह सुविधा पुग्ने विश्वास लिइएको छ ।
रिसोर्टमा सस्तो र सुबिधाजनक ब्यवस्थापन गरिएको छ भने सस्तो रुम भाडा भएको कारण जुनसुकै तह तप्काका ग्राहकहरुले सेवा लिन सकने ब्यवस्था गरिएको छ ।
रिसोर्टमा खान बस्ने समेत सुबिधा रहेको बताइएको छ । त्यसको साथसाथै गाडी पार्किङको लागि उचित सुविधा रहेको संचालकले बताएका छन् ।

# नेपालका सङ्ग्रहालय सांस्कृतिक एकताका केन्द्र

**काठमाडौँ ।**
नेपालका सङ्ग्रहालय सांस्कृतिक एकताका केन्द्रका रूपमा स्थापित भएका छन् ।
अन्तरराष्ट्रिय सङ्ग्रहालय दिवसका अवसरमा नारायणहिटी दरबार सङ्ग्रहालय विकास समिति र इन्टरनेशनल काउन्सिल अफ म्युजियम नेपाल (आइकम नेपाल) ले आज यहाँ आयोजना गरेको कार्यक्रममा पाटन, लुम्बिनी, तारागाउँलगायत सङ्ग्रहालयले त्यस्तो सन्देश प्रवाह गर्न सफल भएको हो ।
नेपालमा सङ्ग्रहालयको विकास र वर्तमान अवस्थासम्बन्धी प्रस्तुतीकरण दिँदै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका संस्कृति महाशाखा प्रमुख डा. सुरेश श्रेष्ठले पाँचौँ शताब्दीदेखिका सङ्ग्रहालय सङ्ग्रहित अभिलेखले नेपालमा विभेद नभएको देखाउने बताए । विश्वमा सांस्कृतिक कूटनीतिका दृष्टिले धेरै सङ्ग्रहालय खुलेको जानकारी पनि उनले दिए ।
गोरखाको चुम नुब्री गाउँपालिकाका अध्यक्ष निमा लामाले चुम नुब्री उपत्यका विसं १९७७ मै अहिंसाको उपत्यकाका रूपमा घोषणा भएको र यो आफैँमा प्राकृतिक सङ्ग्रहालय भएको बताए । निरन्तर लागेर सांस्कृतिक सम्पदाको संरक्षण गर्न सकिन्छ भन्ने भावनाले गाउँपालिकाले काम गरेको उनले सुनाए ।
नेपालका लागि संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) का आवासीय प्रतिनिधि याको दु तोइले नेपालको विविधता नै यहाँको सौन्दर्य भएको बताउँदै विविधतामा काम गर्न सङ्ग्रहालय उपयुक्त माध्यम हुने विचार व्यक्त गरे । आइकम नेपालका कोषाध्यक्ष ओमप्रकाश घिमिरेले संस्थाले अमूर्त संस्कृतिलाई जोडेर लैजाने जानकारी दिए ।
गतवर्षको जेन्जी आन्दोलनले सिंहदरबार र बबरमहल जस्ता सम्पदा गुमेकामा उनले दुःख व्यक्त गरे । गुठी संस्थानका अभिलेख शाखा प्रमुख राजेन्द्र दाहालले संस्थानले भद्रकालीमा निर्माणाधीन भवनमा निर्माण सम्पन्न भएपछि गरगहना सङ्ग्रहालय स्थापना गर्ने गरी तयारी भएको जानकारी दिए । यसका लागि आधारभूत काम भने अहिले भइरहेको उनले सुनाए ।
विश्वभरका १ सय ५८ देशका ३७ हजार सङ्ग्रहालयमा यो दिवस मनाइन्छ । प्रायः सबै देशमा सङ्ग्रहालय र समुदायको अवस्था उस्तै रहेको बताइएको छ । नेपालमा सङ्ग्रहालय स्थापनाको १ सय वर्ष पूरा हुन लाग्दा भर्खर सुरु भएकै जस्तो अवस्थामा रहेको देखिन्छ ।
दिगो विकास लक्ष्यले सम्पदा संरक्षणका विषयलाई महत्त्व दिएको छ । युवा पुस्ता संस्कृतिबाट विमुख हुँदै जान थालेकाले आकर्षित गर्नुपर्ने चुनौती रहेको छ । प्रत्येक वर्ष १८ मेमा दिन अन्तरराष्ट्रिय सङ्ग्रहालय दिवस मनाइन्छ ।
दिवसको यस वर्षको नारा ‘सङ्ग्रहालयः विभाजित विश्व–एकताको शक्ति’ रहेको छ । कार्यक्रममा आइकम नेपालले प्रकाशन गरेको अनुसन्धानमूलक सङ्ग्रहालय जर्नल लोकार्पण गरिएको थियो । जर्नलका सम्पादक डा मधुसुदन न्यौपानेले विगत वर्षमा भन्दा यस वर्ष जर्नललाई सुधार गरिएको बताउँदै आगामी वर्ष जर्नललाई अझै परिष्कृत गर्दै लगिने जानकारी दिए । रासस

# जनकपुरधामलाई पुनः शैक्षिक केन्द्र बनाउनुपर्नेमा जोड



**मधेशदृष्टि**
**जनकपुरधाम।**
उच्च अदालत जनकपुरका कायममुकायम मुख्य न्यायाधीश टेकनारायण कुँवरले जनकपुरधामको पुरानो शैक्षिक पहिचान पुनस्थापित गर्न सामूहिक प्रयास आवश्यक रहेको बताएका छन्।
रौनियार युवा मञ्चले एसइईमा उत्कृष्ट अंक ल्याएका विद्यार्थीहरूको सम्मानमा आयोजना गरेको कार्यक्रममा बोल्दै उनले जनकपुरधाम कुनै समय शिक्षाको प्रमुख केन्द्रका रूपमा परिचित रहेको स्मरण गराए। अहिले शैक्षिक स्तरमा क्रमिक ह्रास देखिएकाले त्यसलाई पुनर्जागरणतर्फ लैजान सबै पक्ष सक्रिय हुनुपर्ने उनले बताए।
मुख्य न्यायाधीश कुँवरले विद्यार्थी सम्मान कार्यक्रमलाई उदाहरणीय पहलको रूपमा उल्लेख गर्दै युवा पुस्तामा गरिएको लगानीले नै भविष्य निर्माण गर्ने धारणा राखे। युवाहरूलाई प्रोत्साहन र अवसर प्रदान गर्न सके जनकपुरधामले आफ्नो पुरानो वैभव पुनः प्राप्त गर्न सक्ने उनको भनाइ थियो।
रौनियार युवा मञ्चको अध्यक्ष राकेश गुप्ताको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वजातीय १६ जना तथा जनकपुरधामका सामुदायिक विद्यालयबाट उत्कृष्ट अंक ल्याएर उत्तीर्ण भएका २० जना विद्यार्थीलाई सम्मान गरिएको थियो।
कार्यक्रममा जनकपुरधाम ४का वडाध्यक्ष सुरेश झा, रौनियार सेवा समितिका प्रमुख संरक्षक शिवनाथ गुप्ता, याज्ञवल्क्य संस्कृत मावि ज्ञानकुपका प्रधानाध्यापक संजय झा तथा नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन गुप्ता लगायतको उपस्थिति रहेको थियो।

# रास्वपा बाराको बैठकमा झडपः संस्थापन र संस्थापक पक्षबीच कुटाकुट, तीन घाइते

**मधेशदृष्टि**
**कलैया।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाराको विस्तारित बैठक शनिबार कलैयामा तनावग्रस्त बनेपछि पार्टीभित्रको आन्तरिक विवाद सतहमै आएको छ। संस्थापन पक्ष र संस्थापक कार्यकर्ताबीच चर्किएको विवादले कुटाकुटको अवस्था सिर्जना गर्दा तीन जना घाइते भएका छन्। कलैयास्थित करणराज पार्टी प्यालेसमा आयोजित बैठकका क्रममा झडप हुँदा महागढीमाई नगर सभापति बिक्रम यादव, सिम्रौनगढ नगर सभापति साहेब अन्सारीसहित तीन जना घाइते भएका हुन्। उनीहरूको उपचार कलैया प्रादेशिक अस्पतालमा भइरहेको जनाइएको छ।



संस्थापक जिल्ला अध्यक्ष चन्दन स्वर्णकार निकट कार्यकर्ताले पुराना तथा संस्थापक सदस्यहरूमाथि हातपात भएपछि स्थिति नियन्त्रण बाहिर गएको आरोप लगाएका छन्। उपचाररत नगर सभापति बिक्रम यादवले प्रतिनिधिसभा सदस्य अरविन्द साहले आफ्नो हात समातेर बाहिरबाट ल्याइएका व्यक्तिमार्फत आफूलाई कुटपिट गराएको आरोप लगाए। असन्तुष्ट पक्षका अनुसार स्थानीय तह निर्वाचनका लागि उम्मेदवारको टिकट पहिले नै बिक्री गरिएको भन्ने सूचना सार्वजनिक भएपछि त्यसबारे स्पष्टीकरण माग्दा विवाद सुरु भएको हो। नयाँ प्रवेश गरेका व्यक्तिहरूले कार्यसमितिमा प्रभाव जमाउन खोजेको र लामो समयदेखि संगठन निर्माणमा खटिएका कार्यकर्तालाई पाखा लगाइएको भन्दै संस्थापक पक्ष आक्रोशित बनेको बताइएको छ।
पार्टीभित्रको विवाद समाधान गर्न केन्द्रले प्रतिनिधिका रूपमा कामनी चौधरीलाई पठाएर विस्तारित बैठक आयोजना गरे पनि कार्यक्रम तनावमा परिणत भएको सहभागीहरूले बताएका छन्।
विवाद चर्किएपछि आक्रोशित कार्यकर्ताले बाराका चारै जना सांसदमाथि समेत हातपातको प्रयास गरेका थिए। स्थिति थप तनावपूर्ण बनेपछि सुरक्षाकर्मीले क्षेत्र नम्बर १ का सांसद गणेश धिमाल, क्षेत्र नम्बर २ का सांसद चन्दन सिंह, क्षेत्र नम्बर ३ का सांसद अरविन्द साह, क्षेत्र नम्बर ४ का सांसद रहबर अन्सारी तथा केन्द्रीय प्रतिनिधि कामनी चौधरीलाई सुरक्षा घेराभित्र राख्दै बैठकस्थलबाट बाहिर निकालेका थिए।
घटनापछि सांसदहरू कलैयाको बरेवा दरबार होटलमा पुगेर पत्रकार सम्मेलन गरेका थिए। उनीहरूले सञ्चारमाध्यममा आएको 'सांसदहरू लेखेटिए' भन्ने समाचारको खण्डन गर्दै बैठकमा कुनै अप्रिय घटना नभएको दाबी गरेका छन्। सांसद गणेश धिमाल, चन्दन सिंह र अरविन्द साहले आफूहरूमाथि कुटपिट नभएको बताएका छन्। प्रतिनिधिसभा सदस्य रहबर अन्सारीले जिल्ला अधिवेशनको तयारीका लागि बैठक आयोजना गरिएको उल्लेख गर्दै निष्काशित पक्षले कार्यक्रम बिथोल्न खोजेको आरोप लगाए। विवादका बीच पनि बैठक सफलतापूर्वक सम्पन्न भएको उनको दाबी छ।
गत वैशाख २७ गते रास्वपाको केन्द्रीय समितिले बारा जिल्ला कार्यसमिति विघटन गरेको थियो। त्यसपछि जेठ ६ गते संस्थापक जिल्ला सभापति चन्दन स्वर्णकारको पार्टी सदस्यता खारेज गरिएसँगै जिल्ला संगठनभित्रको विवाद झन् गहिरिँदै गएको देखिएको छ।

# जेन–जी पर्साको वडा समिति गठन अभियान तीव्र

**मधेशदृष्टि**
**वीरगंज।**
जेन–जि पर्साले वीरगंज महानगरपालिका वडाहरूमा वडा समिति गठन गर्ने अभियानलाई तिव्रता दिएको छ। यसैबीच महानगरको वडा नं –३२ मा २८ सदस्यीय वडा समिति गठन गरेको छ।
समिति गठनसँगै भागवत मण्डललाई वडा इन्चार्जको जिम्मेवारी प्रदान गरिएको छ। शनिबार आयोजित कार्यक्रममा संगठनले युवा नेतृत्वलाई सशक्त बनाउँदै सामाजिक रूपान्तरण र सुशासनलाई प्राथमिकतामा राखेर समिति गठन गरिएको जनाएको छ।
जेन्जी युवा शसक्त रुपमा सवैतर्फ गठन भएमात्रै भ्रष्ट र कुशासनको जरा उखेल्न सक्ने बक्ताहरूले बताएका छन्।
नवनियुक्त वडा इन्चार्ज मण्डलले युवालाई एकताबद्ध गर्दै समाजमा विद्यमान विकृति र विसंगतिविरुद्ध सक्रिय रूपमा काम गर्ने प्रतिबद्धता व्यक्त गरे।
कार्यक्रममा महादेव प्रसाद कुर्मी, बिरेन्द्र कण्ठलगायत जेन–जि पर्सासँग आबद्ध युवाहरूको सहभागिता रहेको थियो।
सहभागीहरूले संगठनलाई थप सशक्त बनाउँदै सामाजिक उत्तरदायित्वका कार्यमा सक्रिय रहने प्रतिबद्धता व्यक्त गरेका छन्।

# एसईई परीक्षामा उत्कृष्ट अंक ल्याउने विद्यार्थी सम्मानित

**मधेशदृष्टि**
**वीरगंज।**
ठोरी गाउँपालिका वडा नं. ३ स्थित ओडार माविका पूर्व विद्यार्थीहरूको समूह 'सहपाठी साथी समूह एसइई–२०७४' ले वितेको परिक्षामा उत्कृष्ठ अंक हासिल गरेका विद्यार्थीहरूलाई सम्मान गरेको छ।
आधारभूत तह, कक्षा ८ को पालिका स्तरीय परीक्षामा प्रथम भएका ओडार माविका छात्र सर्वोत्तम कार्की र माध्यमिक शिक्षा परीक्षा (एसइई) मा आफ्नो विद्यालयका परिक्षार्थीहरूमध्ये सर्वाधिक जीपीए ल्याएका छात्रा सरस्वती श्रेष्ठलाई सम्मान सहित पुरस्कार प्रदान गरेको हो।
यसैगरी, ओडार माविमा अध्यायनरत कमजोर आर्थिक अवस्थका, जेहेन्दार चारजना विद्यार्थीलाई पनि एसइई २०७४ समुहले विद्यालय पोशाक, झोला साथै स्टेशनरी सामाग्री प्रदान गरेको सो विद्यालयका सहायक प्रधानाध्यापक चिरन्जीवी सापकोटाले बताए। बालबालिलई अध्ययनप्रति प्रोतसाहित गर्ने तथा उत्साह जगाउने उद्देश्यले, आफुहरू अध्यायनरत विद्यालयबाट प्ररम्भिक प्रयासको थालनी गरिएको एसइई २०७४ साथी समुहका सदस्यहरूले बताएका छन्। ओडार मावि परिसरमा आयोजित कार्यक्रममा सो समुहका सचिन मोक्तान, गौरव प्रताप श्रेष्ठ, कविर पण्डित, स्वेता खड्का र नन्दलाल श्रेष्ठको सहभागिता थियो।
सो अवसरमा ठोरी गाउँपालिकाका शिक्षा संयोजक भूपाल कुमार जोशी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मणि घिमिरेलगायतले विद्यार्थीहरूको कामको प्रसंसा गरेका थिए।

# हिन्दु पत्रकार संघलाई ३० थान ज्याकेट



**मधेशदृष्टि**
**वीरगंज।**
विश्व हिन्दु परिषद् नेपालले शनिवार वीरगंजमा आयोजित एक कार्यक्रममा नेपाल हिन्दु पत्रकार सङ्घलाई ३० थान प्रेस ज्याकेट हस्तान्तरण गरेको छ।
वीरगंजस्थित माईस्थान अतिथि सदनको सभा हलमा आयोजित कार्यक्रममा परिषदका अध्यक्ष ज्योति रुङ्गटाले हिन्दु पत्रकार सङ्घका अध्यक्ष राजन रौनियारलाई ज्याकेट हस्तान्तरण गरेका छन्।
कार्यक्रममा उपस्थित सङ्घका पदाधिकारी, सदस्य तथा सल्लाहकारहरूलाई समेत ज्याकेट लगाइदिएर सम्मान गरिएको थियो।
सोही अवसरमा सञ्चारकर्मी दीपक चौरसियालाई हिन्दु पत्रकार सङ्घमा आबद्ध गराइएको थियो।

# सलहेस फुलवारी तथा पञ्चावती मन्दिरको भ्रमण

**मधेशदृष्टि**
**सिरहा।**
प्रतिनिधी सभाका उपसभामुख रुबीकुमारी ठाकुरले लहान नगरपालिका–१२ र २२ मा रहेको धार्मिक पर्यटकीय स्थल सलहेस फूलवारी तथा लहान–१५ स्थित राजदेवी पञ्चावती मन्दिरको भ्रमण गरकी छिन्।
उनले शनिबार बिहान सलहेस फूलवारी पुगेर लोकनायक सलहेसको दर्शन तथा पूजाआजा गरेकी हुन्। भ्रमणका क्रममा उपसभामुख ठाकुरले सलहेस फूलवारी मधेश मात्र नभई देशकै नमुना धार्मिक पर्यटकीय स्थलका रूपमा विकास हुनुपर्ने बताइन्। सो अवसरमा उपभसभामुख ठाकुरले मधेशमा दाइजो प्रथाले गहिरो जरा गाडेको भएपनि सामूहिक प्रयासबाट यसको अन्त्य सम्भव रहेको उनको भनाइ थियो।
सलहेस फूलवारी संरक्षण समितिले फूलवारी क्षेत्रको १२ बिघामध्ये तीन बिघा जग्गा अतिक्रमणमा परेको जानकारी गराउँदै अतिक्रमित जग्गा खाली गराई संरक्षण र विकासका लागि पहल गरिदिन उपसभामुख ठाकुरको ध्यानाकर्षण गराएको थियो।
लहान–१५ स्थित राजदेवी पञ्चावती मन्दिरको भ्रमणका क्रममा उपसभामुख ठाकुरले त्यहाँको व्यवस्थापन र विकासको प्रशंसा गर्दै सलहेस सर्किटसँग राजदेवी मन्दिरलाई समेत जोडेर एकीकृत पर्यटकीय विकास गरिने प्रतिबद्धता व्यक्त गरिन्।

# विश्व मायोपिया जाकरुकता सप्ताहको अवसरमा वीरगंजमा प्रभातफेरी

**मधेशदृष्टि**
**वीरगंज।**
विश्व मायोपिया अर्थात अदुर दृष्टी, जाकरुकता सप्ताह अन्र्तगत शनिवार वीरगंजमा प्रभातफेरी सम्पन्न भएको छ। सचेतनामुलक नारा लेखिएका विभिन्न व्यानर, प्लेकार्ड तथा अडियो सन्देश सहित घण्टाघर चोकबाट सुरु भएको प्रभात फेरी मुख्य सडक हुँदै मकालु चौक, आदर्शनगर, घडीअर्वा हुँदै पुन घण्टाघरमा आएर कोण सभामा परिणत भएको थियो।
वीरगंज दृष्टि आखा तथा नाक कान घाँटी अस्पताल मुख्य आयोजक रहेको कार्यक्रममा नारायणी आँखा अस्पलात, सिद्धि आइ केयर सेन्टर लगायतको सहभागिता थियो। समापन सभामा विशेषज्ञ वक्ताका रूपमा डा. कृष्ण कान्त गुप्ता, डा. विपिन विष्ट र डा .आदित्य प्रसादले मायोपिया अर्थात अदुर दृष्टी सम्बन्धी जानकारी दिएका थिए। अत्यधिक मोबाइल, ट्याबलेट तथा कम्प्युटरको प्रयोग, लामो समय नजिकबाट अध्ययन गर्ने बानी तथा बाहिरी खेलकुदको कमीका कारण बालबालिकामा मायोपिया वडने गति छिटो हुने गरेको विषेशज्ञ चिकित्सकहरूको भनाई थियो। सो अवसरमा दृष्टी अस्पतालका अध्यक्ष विश्वराज गौतमले जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइने बताएका छन्।

# साउथ सिटि कलेजको ब्रान्ड एम्बेसडरमा महतो नियुक्त

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजस्थित साउथ सिटी कलेज अफ साइन्स एन्ड टेक्नोलोजीले शिक्षक तथा प्रेरक श्यामविकेश महतोलाई कलेजको ब्रान्ड एम्बेसडरमा नियुक्त गरेको छ। शनिबार आयोजित एक विशेष कार्यक्रममा कलेजका प्रबन्ध निर्देशक नरेश प्रसाद यादव, सञ्चालक डा. विनोद प्रसाद यादवलगायतका पदाधिकारीहरूले महतोलाई औपचारिक रूपमा नियुक्ति पत्र प्रदान गरेको हो।
विभिन्न शैक्षिक संस्थामा आबद्ध अङ्ग्रेजी विषयका शिक्षक महतो विद्यार्थीमाझ निकै लोकप्रिय छन्। उनले युट्युबलगायत विभिन्न सामाजिक सञ्जालमार्फत निःशुल्क रूपमा अङ्ग्रेजी भाषा शिक्षण गर्दै आएका छन्।
विशेषगरी परीक्षा तयारी, व्याकरण तथा बोलचालका कक्षामार्फत विद्यार्थीहरूलाई सहयोग पु¥याउँदै आएका छन्। कार्यक्रमलाई सम्बोधन गर्दै कलेजका प्रबन्ध निर्देशक यादवले श्यामविकेश महतोको शैक्षिक योगदानको प्रशंसा गर्दै कलेजको शैक्षिक गुणस्तर अभिवृद्धि तथा विद्यार्थी आकर्षणमा उनको भूमिका महत्त्वपूर्ण हुने विश्वास व्यक्त गरे।
उनले कलेजले गुणस्तरीय शिक्षा प्रदान गर्ने प्रतिबद्धता दोहो¥याउँदै आगामी दिनमा अझ प्रभावकारी शैक्षिक गतिविधि सञ्चालन गरिने बताए।

# क्रियाशील युवा पत्रकार मञ्चको संगठन विस्तार सम्बन्धी विभिन्न निर्णय



**मधेशदृष्टि**
**वीरगंज।**
क्रियाशील युवा पत्रकार मञ्च नेपालले संस्थाको दोस्रो कार्यसमिति बैठक सम्पन्न गर्दै संगठन विस्तार र सामाजिक उत्तरदायित्वसम्बन्धी विभिन्न निर्णय गरेको छ। शनिबार वीरगंजमा सम्पन्न बैठकले पत्रकारिता क्षेत्रमा सक्रिय १० जना पत्रकारलाई प्रारम्भिक चरणमा नयाँ सदस्यता प्रदान गर्ने निर्णय गरेको छ।
संस्थालाई थप विस्तार गर्दै सक्रिय पत्रकारलाई आबद्ध गराउने उद्देश्यले सदस्यता वितरण प्रक्रिया अघि बढाइएको मञ्चका अध्यक्ष आनन्द पटेलले बताएका छन्। बैठकले नेपाल रेडक्रस सोसाइटी पर्सामा रगतको बढ्दो मागलाई ध्यानमा राख्दै आगामी जेठ २३ गते रक्तदान कार्यक्रम आयोजना गर्ने निर्णय गरेको छ। बैठकमा निवर्तमान अध्यक्ष प्रणय साह, उपाध्यक्ष वीरेन्द्र साह, सचिव ओमप्रकाश सराफ, कोषाध्यक्ष उपेन्द्र कुमार बरैलगायत सदस्यहरूको सहभागिता रहेको मञ्चका महासचिव राकेश साह जानकारी गराएका छन्।

# नेकपा एमालेको चुनावी समीक्षा बैठक

**मधेशदृष्टि**
**वीरगंज।**
नेकपा एमाले पर्सा क्षेत्र नं. १ को क्षेत्रीय समितिले चुनावी समीक्षा बैठक सम्पन्न गर्दै संगठन सुदृढीकरण र आगामी राजनीतिक रणनीतिबारे निर्णय गरेको छ।
क्षेत्रीय अध्यक्ष मानदेव हजराको अध्यक्षतामा सम्पन्न बैठकमा एमालेका केन्द्रीय कमिटी सदस्य तथा पर्सा जिल्ला इन्चार्ज प्रभु हजरा प्रमुख अतिथिका रूपमा सहभागी थिए। बैठकमा केन्द्रीय कमिटी सदस्य विजय सरावगी, मधेश प्रदेश उपाध्यक्ष विचारी यादव, जिल्ला अध्यक्ष डा.विश्वम्भर शर्मा, प्रदेश सदस्य अनिल कुमार हजरा, बासदेव यादवसहित वडा कमिटीका अध्यक्ष तथा पार्टीका अगुवा कार्यकर्ताहरूको सहभागिता थियो।

# हुण्डी कारोबारविरुद्ध सशस्त्र प्रहरी र भारतीय प्रहरीको संयुक्त कारवाही

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजको सीमावर्ती सहर रक्सौलमा अवैध हुन्डी तथा मनी एक्सचेन्ज कारोबारविरुद्ध भारतको विहार राज्यको राजधानी पटना एसटीएफ र रक्सौल थाना प्रहरीले संयुक्त रूपमा कारबाही गरेको छ।
गोप्य सूचनाको आधारमा रक्सौलस्थित सब्जी बजार क्षेत्रमा छापा मार्दा चिनी व्यापारी मोहम्मद शाहिदको ठेगानामा गरिएको छापामारीमा १७ लाख ८७ हजार १० रुपैयाँ नेपाली र १ लाख ३४ हजार १५० रुपैयाँ भारतीय नगद बरामद गरिएको हो। शाहिद लामो समयदेखि अवैध रूपमा नेपाली मुद्राको सटही कारोबारमा संलग्न रहेको सूचना प्रहरीलाई प्राप्त भएको बताइएको छ। एसटीएफ र रक्सौल प्रहरीको संयुक्त टोलीले छापा मारेको जनाएको छ।
घटनास्थलबाट बरामद रकमसहित दुई जना कारोबारीलाई नियन्त्रणमा लिएर अनुसन्धान तथा सोधपुछ सुरु गरिएको भारतीय प्रहरीले जनाएको छ।

सम्पादकीय

# एमालेको रुपान्तरमा चुनौती

नेकपा एमाले नेपाली राजनीतिको एउटा यस्तो केन्द्रविन्दु हो, जसको उतारचढाव पुस्तान्तरण र राजनीतिक समीकरण परिवर्तनको बलियो सूचक बन्दै आएको छ । हालैका दिनहरूमा नेकपा एमालेको सचिवालय बैठकमा देखिएका परिदृश्यहरू, बैठकका निर्णयहरू र नेताहरूको हाउभाउले पार्टीभित्रको आन्तरिक शक्ति सन्तुलन, सम्भावित नीतिगत परिवर्तन र आगामी राजनीतिक दिशाको स्पष्ट संकेत गर्छन्।

हालैका सचिवालय बैठकहरूमा देखिएको नेतृत्वको एकाग्रता, रणनीति परिमार्जनको प्रयास र कार्यविभाजनका दृश्यहरूले एमालेभित्र एउटा गम्भीर आत्मसमीक्षा चलिरहेको संकेत गर्छ । निर्वाचनका मतपरिणामहरू र नयाँ राजनीतिक शक्तिहरूको उदयपछि एमाले आफ्नो परम्परागत 'भोट बैंक' सुरक्षित गर्न र पार्टी पंक्तिलाई चलायमान बनाउन दबाबमा छ। अर्कातिर केन्द्रदेखि प्रदेश सरकारसम्मको शक्ति सन्तुलनमा आफ्नो वर्चस्व कायम राख्ने वा नयाँ रणनीतिक गठबन्धन बुन्ने कसरत बैठकका एजेन्डाहरूमा देखिन्छ । यस्तै, वैचारिक स्पष्टता र युवा पुस्तालाई नेतृत्वमा ल्याउने बहसलाई कसरी सम्बोधन गर्ने भन्ने चुनौती एमाले नेतृत्वको अनुहारमा प्रष्ट पढ्न सकिन्छ।

ऐतिहासिक रूपमा एमाले जनतामाझ लोकप्रिय हुनुको मुख्य जग जननेता मदन भण्डारीद्वारा प्रतिपादित 'जनताको बहुदलीय जनवाद' (जबज) र मनमोहन अधिकारीको नेतृत्वमा बनेको २०५१ सालको अल्पमतको सरकार हो। 'आफ्नो गाउँ आफैँ बनाऔँ' र वृद्धभत्ता जस्ता लोकप्रिय कार्यक्रमहरूले एमालेलाई 'गरिब र सर्वसाधारणको पार्टी' का रूपमा स्थापित गरे । कम्युनिष्ट आन्दोलनलाई लोकतान्त्रिकरण गर्दै संसद् र सडक दुवै मोर्चामा एमालेले आफूलाई एक अपरिहार्य शक्तिको रूपमा उभ्यायो । २०७४ को निर्वाचनमा तत्कालीन माओवादी केन्द्रसँगको गठबन्धन र पछि भएको एकताले एमालेलाई इतिहासकै शक्तिशाली मोडमा पु¥यायो, तर त्यो टिकाउ हुन सकेन।

आजको वर्तमान इतिहास जस्तो सहज छैन । नेकपाको विभाजन, पार्टीभित्रको आन्तरिक द्वन्द्व र पटकपटकको सत्ता फेरबदलले एमालेको आदर्शमाथि जनताले प्रश्न उठाउन थालेका छन् । पुराना राजनीतिक दलहरूले डेलिभरी दिन नसकेको भन्दै सहरी र युवा मतदाताहरू नयाँ र वैकल्पिक शक्तिहरूतर्फ आकर्षित भइरहेका छन् । एमालेले पछिल्ला समयमा चालेका कतिपय कदमहरू जनता केन्द्रित नभई सत्ता केन्द्रित देखिएको आलोचना बुद्धिजीवी र आम नागरिक तहबाट हुने गरेको छ।

एमालेका लागि जनतामाझ पुनः उही पुरानो र बलियो साखसहित स्थापित हुने सम्भावना असम्भव त छैन, तर 'सहज' भने पक्कै छैन। यसका लागि एमालेले विभिन्न चुनौती चिर्न आवश्यक छ।

## देउवा समूहमा भेटिएनन् 'शेरबहादुर', विभाजनको नाममा बार्गेनिङ



–नकुल अर्याल

नेपाली कांग्रेसले पार्टी विभाजनका सबैजसो 'मापदण्ड' पूरा गरिसकेको छ। कांग्रेसमा बेमेल छ । कांग्रेसमा हार्दिकता हराएको छ।

गत भदौसम्म कांग्रेस सत्तामा थियो । कांग्रेसका आन्तरिक विवाद सत्ता शक्तिको 'अभ्यास' भित्रै विलीन भएका थिए । जसै जेनजी आन्दोलनले मुलुकमा राजनीतिक उथलपुथल ल्यायो, त्यसबाट कांग्रेस अलग रहन सकेन । कांग्रेसभित्र विद्रोह भयो । सभापति शेरबहादुर देउवाले जेनजी आन्दोलनमा भौतिक आक्रमण र सम्पत्तिको क्षति मात्रै व्यहोरेनन्।

पार्टीभित्र विशेष महाधिवेशनमार्फत भएको विद्रोहबाट 'गम्भीर राजनीतिक क्षति' पनि व्यहारे । सभापतिको भूमिकाबाट निष्क्रिय रहेर कार्यवाहक सभापतिको जिम्मेवारी पूर्णबहादुर खड्कालाई दिंदा पनि सम्भावित राजनीतिक घटनाको सही आँकलन गर्न देउवा समूह चुक्यो। जसकारण पुस २७ मा काठमाडौंमा विशेष महाधिवेशन आयोजना मात्रै भएन, त्यसले देउवाको नेतृत्वमा रहेको कांग्रेसको सत्ता पनि ढल्यो।

प्रतिनिधिसभा निर्वाचनको सम्मुखमा निर्वाचन आयोगबाट विशेष महाधिवेशनले मान्यता पाएपछि देउवा पक्ष अत्यन्तै रक्षात्मक स्थितिमा पुग्यो। नयाँ नेतृत्वलाई शतप्रतिशत स्वीकार वा अस्वीकार गर्न देउवा समूहले सकेन । देउवाका विश्वासपात्र भनिएका नेताहरू नयाँ नेतृत्वसँग टिकट लिएर चुनावमा होमिए।

असन्तुष्ट नेताहरूले विद्रोह गर्न सकेनन्। फलतः प्रतिनिधिसभा निर्वाचनलगत्तै कांग्रेसमा देउवा समूह अति कमजोर बन्न पुग्यो । न्यायिक लडाइँबाट मूलधारमा फर्कने देउवा समूहको प्रयास गत बैशाख ४ मा सर्वोच्च अदालतको फैसलासँगै समाप्त भयो। किनी सर्वोच्च अदालतले गगन थापा नेतृत्वको विशेष महाधिवेशनबाट निर्वाचित समितिलाई नै मान्यता दियो।

समानान्तर गतिविधिले बढाएन शक्ति

पार्टीसत्ता गुमेपछि देउवा समूहले समानान्तर गतिविधिमार्फत शक्ति सञ्चयको प्रयत्न नगरेको होइन । तर हरेक अघिल्लो बैठकमा पछिल्लो भन्दा कम तागत देखिन थाल्यो। देउवा समूहका नेताहरू एक्ला एक्लै सभापति थापासँग संवाद गर्न कस्सिए। देउवा समूह छाड्न तयार नेताहरूले कांग्रेसमा क्रमशः जिम्मेवारी पाउँदैछन्।

प्रारम्भमा डा.शेखर कोइराला समूहको साथ खोजेपनि सो समूह समानान्तर गतिविधिबाट टाढिएपछि देउवा समूहले एक्लै प्रतिवाद गर्नुपर्ने अवस्था बन्यो । निवर्तमान उपसभापति पूर्णबहादुर खड्का, पूर्व उपसभापतिद्वय प्रकाशमान सिंह र विमलेन्द्र निधि, पूर्व महामन्त्रीद्वय कृष्ण सिटौला र डा.शशांक कोइराला लगायतका नेताहरू जति नै सक्रिय हुँदा पनि देउवा समूहको राजनीतिक तागत निरन्तर कमजोर बन्दै गइरहेको छ।

देउवा समूहबाट पूर्व सहमहामन्त्रीद्वय भीष्मराज आङदेम्बे र महेन्द्र यादव, पूर्व कोषाध्यक्ष उमेश श्रेष्ठसहित नेताहरू रमेश रिजाल, अजय चौरसिया, लक्ष्मी परियारm आङ्गेलु शेर्पा, दिनेश यादव,राजीव ढुंगाना, नागिना यादव र डा. जीवन राना नयाँ केन्द्रीय समितिमा समाहित भइसकेका छन् । संस्थापन पक्षका एक नेताका अनुसार देउवा समूहका अन्य नेताहरुपनि मूलधारमा फर्कने गरी नेतृत्वसँग संवादमा छन् । यस्तो अवस्थामा पार्टीभित्रको संघर्षलाई बलियो बनाउने की नयाँ पार्टी बनाउने भन्नेमा देउवा समूहभित्र गम्भीर अलमल देखिन्छ।

'तागत बढाउने भनेर समानान्तर गतिविधि गरिरहेका छौँ । तर हरेक भेलापछि झन् कमजोर बन्दैछौं । एक एक गरेर हाम्रा नेताहरू संस्थापनमा जाने सम्भावना बढेको छ', देउवा समूहका एक नेताले भने।

विभाजनका नाममा बार्गेनिङ

कांग्रेसको संस्थापनइतर पक्षले सातै प्रदेशमा भेला ग¥यो । भेलामा प्रदेश, जिल्ला र क्षेत्रीय सभापतिहरूको सहभागिता निकै न्यून देखियो । काठमाडौंमा भएको बागमती प्रदेशको एक जना मात्रै जिल्ला सभापति सहभागी थिए । संस्थापनले पार्टीमा जारी सदस्यता अद्यावधिक प्रक्रियामा अवरोध गर्ने जोकोहीलाई कारबाही गर्ने चेतावनी दिइसकेको छ।

देउवा समूहको भेलामा देउवा समूहबाटै विगतमा निर्वाचित प्रदेश सभापतिहरू समेत सहभागी छैनन्। यसबाट देउवा समूहका नेताहरूको मनोबल अझ कमजोर भएको छ। त्यसैले नयाँ पार्टी निर्माणको प्रचार तीव्र बनाइएको छ। सो समूहका केही युवा नेताहरूले अनामनगरमा सम्पर्क कार्यालय खोलेका छन् । जसलाई नयाँ पार्टी कार्यालयको रूपमा प्रचार गरिएको छ। यद्यपि सम्पर्क कार्यालय नियमित जानेमध्येका एक नेता पार्टी विभाजनको पक्षमा नरहेको बताउँछन्।

'पार्टी फुटाउने हाम्रो उद्देश्य छैन । संस्थापन पक्षले बेवास्ता गरेको भएर अलिक कडा कुरा गरेको हो। अहिले पार्टी फुटाउनेभन्दा हाम्रो सम्मानजनक सहभागिता पार्टीभित्रै सुनिश्चित गर्ने कुरा महत्त्वपूर्ण हो', ती नेताले भने । संस्थापनलाई पनि पार्टी विभाजनको डर हुने भन्दै उनले मुख्य कुरा विशेष महाधिवेशनमा छुटेको पक्षलाई स्पेस दिने कुरा रहेको बताए।

भेटिएनन् 'शेरबहादुर'

कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा त उपचारका लागि हङकङमा रहेको बताइन्छ। तर देउवा समूहमा अर्का 'शेरबहादुर' को खोजी भइरहेको छ । सो समूहले गरेका अधिकांश भेलाहरूमा वक्ता नेताहरूले 'परि आए अलग बाटो हिँड्नुपर्ने' चेतावनी दिने गरेका छन्। त्यही अलग बाटोको नेतृत्व गर्न देउवा समूहले 'शेरबहादुर' नभेटेको हो।

यथास्थितिमा लत्रिएर सानेपा जान नहुने पक्षमा रहेका एक नेता नयाँ पार्टीको नेतृत्वका लागि हिम्मत गर्ने मान्छे नभेटिएको बताउँछन्। 'हाम्रो समूहमा नेता त एक सय एक हुनुहुन्छ । तर शेरबहादुर देउवाजस्तो हिम्मत भएको नेता भेटिएन । शेरबहादुरले गिरिजाप्रसादसँग लडे, पार्टी पनि फुटाए र एकतामार्फत आफ्नो समूहको राजनीतिक सुरक्षा पनि गरे । त्यस्तो हिम्मत भएको नेता भेटिएन', ती नेताले नेपाल प्रेससँग भने।

कांग्रेस असन्तुष्ट समूहमा नयाँ पार्टी निर्माण गर्ने सन्दर्भमा मुख्यतः ४ जना नेताको नेतृत्वको चर्चा छ। नेतृत्वका लागि प्रकाशमान सिंह, विमलेन्द्र निधि, कृष्णप्रसाद सिटौला र डा.शशांक कोइरालाको बढी चर्चा छ । देउवा समूहको विशेष प्रभाव सुदूरपश्चिममा भएको र कम विवादित भएकाले एनपी साउदलाई सभापति बनाएर जानुपर्ने मत पनि सो समूहभित्र छ । यद्यपि अहिलेसम्म नयाँ पार्टीकै नेतृत्व गर्ने गरी कुनै पनि नेताले अग्रसरता लिएका छैनन्।

२०५९ सालमा प्रधानमन्त्री भएका बेला शेरबहादुर देउवाले तत्कालीन कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालासँग शक्ति संघर्ष गरेका थिए। पार्टीले कारबाही गरेपछि देउवाले विशेष भेला बोलाएर नेपाली कांग्रेस (प्रजातान्त्रिक) गठन गरे। नयाँ पार्टीको नेतृत्वमात्रै गरेनन्, पहिलो संविधानसभा निर्वाचनअघि फेरी सम्मानजनक एकता पनि गराए।

समयक्रममा सोही पार्टीको महाधिवेशनबाट २ पटकसम्म निर्वाचित सभापति पनि बने। देउवाको राजनीतिक नेतृत्वकै कारण सो समूहका धैरै नेताहरूले राजनीतिक संरक्षण, पद र लाभ पनि पाए । यतिबेला देउवा कमजोर छन् । देउवा समूहभित्र विद्रोहको ग्राउण्ड पनि बनिसकेको छ। तर त्यो ग्राउण्डमा उभिने 'शेरबहादुर' अझै भेटिएका छैनन्।

## दहाड: सामन्तवाद, जातव्यवस्था र मानवीय पीडाको आख्यान



–घनश्याम अस्तित्व

पछिल्लो नेपाली साहित्यमा आख्यान लेखन तीव्र गतिमा अगाडि बढिरहेको छ । लामो समयदेखि कविता लेखिरहेका धैरै कविहरू पनि आज आख्यानतर्फ सक्रियरूपमा आकर्षित भइरहेका छन्। डेढ दशकदेखि कविता लेखनमा निरन्तर क्रियाशील कवि नवीन अभिलाषी कथाकारका रूपमा आफ्नो छुट्टै पहिचान निर्माण गर्दै दहाड कथा–संग्रहका साथ नेपाली साहित्यमा उपस्थित भएका छन्।

आजका नेपाली आख्यानहरूमा युद्ध, बसाइसराइ, वैदेशिक रोजगार, लैङ्गिक प्रश्न, दलित चेतना, पहिचान, राजनीति, सहरिया एक्लोपनजस्ता विषयहरू व्यापकरूपमा उठाइँदै आएका छन्। समकालीन आख्यानमा लेखनको बहुआयामिकता, स्थानीय भाषाको प्रयोग, उत्तरआधुनिक शिल्प तथा सीमान्तकृत समुदायका आवाजहरूको सघन उपस्थिति देख्न सकिन्छ । केही लेखकहरूले त लेखनलाई नै सामाजिक आन्दोलनका रूपमा ग्रहण गर्दै जातीय विभेद, छुवाछुत, सामाजिक बहिष्कार र उत्पीडनका कथाहरू सिर्जना गरिरहेका छन्।

कवितामा सदैव विद्रोह, राज्यसत्ताप्रति प्रश्न, असहमति तथा समाजमा विद्यमान राजनीतिक, सामाजिक र सांस्कृतिक विकृति–विसंगतिमाथि प्रहार गर्दै आएका कवि नवीन अभिलाषी आफ्ना कथाहरूमा भने अपेक्षाकृत शालीन र कलात्मक ढङ्गले एउटा समयको यथार्थलाई प्रस्तुत गर्छन्। उनका कथाहरू प्रत्यक्ष नाराभन्दा पनि मौन पीडा, दबाइएका आवाज र संरचनागत हिंसाको चित्रणमार्फत् बढी प्रभावशाली बनेका छन्।

संग्रहको सुरुमै 'मेरा पात्रहरू विद्रोह गर्न सकेनन्' भन्ने संकेतात्मक अभिव्यक्ति भेटिन्छ। वास्तवमा प्रश्न केवल पात्रहरूले विद्रोह गरे वा गरेनन् भन्ने होइन, उनीहरूसँग विद्रोह गर्नसक्ने सामाजिक, आर्थिक र सांस्कृतिक आधार थियो कि थिएन भन्ने हो। पञ्चायतकालीन परिवेशमा आधारित यी कथाहरू हिन्दू वर्णव्यवस्था र त्यसले निर्माण गरेको वर्गीय तथा जातीय खाडलको पीडामा बाँचिरहेका मानिसहरूको जीवनकथा हुन्।

यी कथाहरू केवल व्यक्तिगत दुःखका आख्यान होइनन्, यी शोषणमा आधारित सामन्तवादी उत्पादन सम्बन्ध र त्यसलाई वैधता दिने धार्मिक–सांस्कृतिक संरचनाको निर्मम अभिलेख हुन् । संग्रहको पहिलो कथा हुति हो । कथामा श्रीमानको मृत्युपछि माइत फर्किन बाध्य भएकी एउटी महिलाको निरीह जीवन प्रस्तुत गरिएको छ। नौ वर्षे बालकको दृष्टिबाट कथित यो कथाले गरिबी, सामाजिक हेपाहा प्रवृत्ति तथा महिलाले सदियौँदेखि भोग्दै आएको पारिवारिक र सामाजिक पीडालाई मार्मिकरूपमा उजागर गर्छ । यद्यपि कतिपय स्थानमा कथावाचक बालकको चेतना र विश्लेषण अत्यधिक परिपक्व देखिँदा केही अस्वाभाविकताको अनुभूति पनि हुन्छ।

उछिट्टे कथाले हाट जाने हटारुहरूको जीवनलाई आधार बनाए पनि यसको मूल केन्द्र जात र प्रेम नै हो। दलित समुदायकी युवतीसँग प्रेम विवाह गर्नु एउटा सामन्ती मानसिकता बोकेको परिवारको छोराका लागि कति पीडादायी र अस्वीकार्य बन्छ भन्ने कुरा कथाले देखाउँछ।

गोविन्दले भोग्नुपरेको दुःख मात्र होइन, बसन्तीको आत्महत्याको कारणलाई रहस्यमै छोडिनु कथाको महत्वपूर्ण पक्ष हो । त्यो रहस्य वास्तवमा हाम्रो सामाजिक इतिहासभित्रै लुकेको छ, जहाँ जात, प्रेम र स्त्री स्वतन्त्रता प्रायः मृत्युका कारण बन्थे।

जात र वर्ग हाम्रो समाजमा धर्मसँग गहिरो रूपमा गाँसिएका विषय हुन् । धर्म र संस्कृतिका नाममा स्थापित परम्पराहरूले कसरी रूढिवादलाई संरक्षण गर्छन् र मानिसमाथि दमन थोपर्छन् भन्ने कुरा सिँहुर कथाले स्पष्ट पार्छ।

तराईका थारु समुदायको जीवनलाई केन्द्रमा राखिएको यस कथाले माटोसँग खेल्दै जीवन बिताउने श्रमिक वर्गको पीडालाई अभिव्यक्त गर्छ । दिनरात श्रम गर्ने मानिसहरू दासजस्तै जीवन बाँच्न बाध्य हुने तर श्रम नगर्ने जमिन्दार वर्ग अझ शक्तिशाली र सम्पन्न बन्दै जाने सामन्तवादी यथार्थ कथामा सशक्त रूपमा उद्घाटित भएको छ।

रैयाँ कथाले पञ्चायतकालीन गाउँको क्रूर यथार्थलाई उद्घाटित गर्छ। मुखिया र उसका परिवारको शक्ति, धन र सामाजिक हैसियतले गाउँका महिलामाथि कसरी हिंसा र अत्याचार गरिन्थ्यो भन्ने कुरा कथाले मनोवैज्ञानिक ढंगले प्रस्तुत गरेको छ । महिलाहरू कसरी घर छोड्न बाध्य हुन्थे, कसरी सामाजिक रूपमा जिउँदै गाडिन्थे भन्ने इतिहास कथाभित्र गहिरो पीडाका साथ उपस्थित छ।

उनीहरूको आत्महत्या वास्तवमै आत्महत्या थियो कि योजनाबद्ध हत्या भन्ने प्रश्न कथाले पाठकमाझ छोड्छ । यहाँ शब्दहरू मात्र होइन, शब्दबीचको मौनता र स्पेसले समेत हिंसाको इतिहास बोल्छ । लेखकले विगतको ऐनामा हेरेर न्याय र अन्यायको निक्र्याैल गर्ने जिम्मा पाठकहरुलाई छोडेका छन्।

किनार कथाले वर्गीय खाडल, श्रम शोषण तथा लैङ्गिक उत्पीडनलाई एकसाथ उठाएको छ । जमिन्दारी संरचनाले गरिब वर्गमाथि केवल आर्थिक शोषण मात्र होइन, सामाजिक र यौनिक दमन पनि कसरी थोपथ्र्यो भन्ने कुरा कथाले संकेत गर्छ।

त्यसैगरी दमाहा कथामा जातीय विभेद र वर्गीय शोषण मुख्य केन्द्रमा छन्। दलित समुदायमाथि तथाकथित उच्च जात र प्रभुत्वशाली वर्गले गर्ने अमानवीय व्यवहार कथाले अत्यन्तै मार्मिक ढङ्गले चित्रण गरेको छ। दलित बस्ती पहिरोले पुरिँदा पनि मानवीय संवेदनाभन्दा उच्च जातीय परिवारको धार्मिक कर्मकाण्ड बढी महत्वपूर्ण ठानिने सामाजिक चेतनाको निर्ममता कथामा उजागर भएको छ।

चौरासी कथाको अन्तर्य पनि उस्तै छ । हिन्दू वर्णव्यवस्थाले मानिसलाई मान्छे र अमान्छेमा विभाजन गरेको यथार्थ कथामा प्रकट हुन्छ । तत्कालीन समाजले निर्माण गरेका मानकअनुसार तल्लो जातका मानिसहरूले सामान्य मानवीय सम्मान प्राप्त गर्न समेत कति संघर्ष गर्नुपथ्र्यो भन्ने कुरा कथाले प्रभावकारीरूपमा उठाएको छ।

परित्यक्त कथाले महिला विभेदको कारुणिक यथार्थलाई उजागर गर्छ। शासक वर्गका लागि महिला केवल मनोरञ्जनको वस्तु बन्ने र उनीहरूलाई पूर्ण मानवको दर्जासमेत नदिइने पितृसत्तात्मक समाजको क्रूरता कथाको मुख्य सार हो।

एक्का कथामा तल्लो जात र गरिब वर्ग राजनीतिक रूपमा कति कम चेतनशील बनाइएका थिए र राजनीतिको सबैभन्दा ठूलो सिकार पनि उनीहरू नै कसरी बन्थे भन्ने कुरा देखाइएको छ। यहाँ शासक वर्गले गरिब जनतालाई चेतनाहीन बनाइ सत्ता टिकाइराख्ने राज्य संयन्त्रको चरित्र प्रकट हुन्छ।

शीर्ष कथा दहाडले मधेसमा विद्यमान सामाजिक विकृति र वर्गीय सम्बन्धको कथा बोल्छ। कथाले दाइजो प्रथाले परिवारमा सिर्जना गर्ने तनाव र हिंसालाई उठान गरेको छ। साथै, वर्गीयरूपमा शक्तिशाली र सम्पन्न मानिसहरूले गरिब तथा सीमान्तकृत मानिसहरूको भावनामाथि कसरी खेल्छन् भन्ने कुरा पनि कथाको केन्द्रमा छ।

यहाँ मित्रता पनि वर्गीय सम्बन्धबाट मुक्त छैन भन्ने यथार्थ देखिन्छ । ताना कथाले दमन, विभेद र उत्पीडनले मानिसका सपना र आकाङ्क्षासमेत कसरी सीमित गरिदिन्छ भन्ने कुरा अत्यन्तै संवेदनशील ढंगले प्रस्तुत गर्छ। कथाले एउटा गम्भीर प्रश्न उठाउँछ, जो मानिसहरूले जात र वर्गका आधारमा अरूलाई मानिस नै मान्दैनथे, के वास्तवमा उनीहरू स्वयं मानवीय थिए त ?

संग्रहको अन्तिम कथा आफ्रे पनि विभेद, दमन र सामाजिक बहिष्कारकै कथा हो । धार्मिक, सांस्कृतिक, सामाजिक र राजनीतिक रूपमा सबैभन्दा पिँधमा रहेका मानिसहरूले कस्तो प्रकारको जीवन बाँच्न बाध्य हुन्छन् भन्ने कुरा कथाले अत्यन्तै मार्मिक रूपमा अभिव्यक्त गरेको छ।

समग्रमा, दहाड भित्र सङ्ग्रहित अधिकांश कथाहरू जातीय विभेद, वर्गीय शोषण र सामाजिक उत्पीडनका कथाहरू हुन्। कथामा प्रयोग भएका बिम्व, प्रतीक र भाषाशैलीले कतिपय ठाउँमा कविता पढिरहेको अनुभूति गराउँछन्। कथाकारको सबैभन्दा सबल पक्ष भनेको शिल्प हो।

पात्रहरूको चेतनाभित्र चलिरहेका विचारहरूलाई स्वाभाविक, असम्बद्ध र प्रवाहपूर्ण ढङ्गले प्रस्तुत गर्ने उनको शैली प्रभावशाली छ। कथाहरूमा पूर्वदीप्ति र पूर्वसङ्केतको प्रयोग सशक्त रूपमा आएको छ, जसले पाठकसँग गम्भीर र सजग पठनको माग गर्दछ।

दहाड केवल उत्पीडितहरूको कथा–संग्रह होइन, यो नेपाली समाजको सामन्तवादी संरचना, वर्णव्यवस्था, पितृसत्ता र वर्गीय वर्चस्वविरुद्धको साहित्यिक साक्ष्य हो। यहाँ पात्रहरू व्यक्तिगत रूपमा पराजित देखिए पनि कथाहरूले समग्र सामाजिक संरचनामाथि गम्भीर प्रश्न उठाउँछन्। यही कारण नवीन अभिलाषीको उपस्थिति नेपाली कथालेखनमा हस्तक्षेपकारी र अर्थपूर्ण देखिन्छ । यी कथाहरूले नेपाली साहित्यलाई लामो समयसम्म प्रभावित गरिरहने सम्भावना बोकेका छन्। (नेपालप्रेस)

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# हेटौँडा कपडा उद्योग पुनः सञ्चालनको लागि गृहकार्य भइरहेको छःउद्योगमन्त्री



**बागमती ।**
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले लामो समयदेखि बन्द रहेको हेटौँडा कपडा उद्योग पुनः सञ्चालनको लागि गृहकार्य भइरहेको बताएकी छन् । हेटौँडास्थित औद्योगिक क्षेत्रको शनिबार निरीक्षण गर्दै मन्त्री यादवले रुग्ण हेटौँडा कपडा उद्योग सञ्चालनमा आए मुलुकको आर्थिक विकासमा टेवा पुग्ने भएकाले छिट्टै कपडा उद्योग सञ्चालनको कामलाई तीव्रता दिने बताइन् ।
मुलुकको आर्थिक अवस्थालाई सुदृढ बनाउन र रोजगारीको वातावरण सृजना गर्न सरकारले रुग्ण उद्योग सञ्चालनमा ल्याउने नीति लिएको उल्लेख गर्दै मन्त्री यादवले आगामी आर्थिक वर्षको बजेटमा रुग्ण कपडा उद्योग सञ्चालनको लागि बजेट विनियोजन गरिने प्रतिबद्धतासमेत व्यक्त गरिन् । बन्द उद्योगहरु सञ्चालनमा आए रोजगारीको अवसर सृजना हुने उल्लेख गर्दै मन्त्री यादवले कपडा उद्योग सञ्चालनका लागि आवश्यक तयारीमा सरकार जुटेको बताइन् । अमेरिकी सरकारको आर्थिक सहयोगमा विसं २०२० मङ्सिर २० गते स्थापना भएको सो औद्योगिक क्षेत्रभित्र हाल १४७ उद्योग तथा प्रतिष्ठान छन् ।

# सरकारको कामले जनतामा आशा जागिसक्योः सञ्चारमन्त्री



**नुवाकोट ।**
सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले सरकार गठन भएको छोटो अवधिमा गरिएको नवीनतम कार्यबाट जनतामा आशा जगाएको बताएका छन् । राष्ट्रिय स्वतन्त्र पाटी (रास्वपा)लिखु गाउँपालिकाको प्रथम अधिवेशनलाई शनिबार लिखु–६ छहरेमा सम्बोधन गर्दै मन्त्री डा तिमिल्सिनाले देश र जनतालाई हितमा राखेर सरकारले गरेका कार्यबाट सरकारी सेवा र सामाजिक न्यायको क्षेत्रमा भएका सुधारले सकारात्मक प्रभाव पैदा हुँदै आएको बताएका हुन् ।
जनताको अभिमतबाट काम गर्न प्राप्त जिम्मेवारीमा अहिलेको सरकारले इमान्दार भएर जनतालाई केन्द्रमा राखेर योजनाबद्ध रुपमा काम गर्दै आएको छ,उनले भने, पाँच वर्षका लागि काम गर्न प्राप्त जिम्मेवारीमा सरकारले एक सय दिन, छ महिना, एक वर्ष हुँदै पाँच वर्षमा के–के गर्ने भनेर लक्ष्य लिएको छ । सोही लक्ष्य पूरा गर्दै अघि बढ्ने भएकाले पाँच वर्षमा जनताले महसुस गर्ने गरेर मुलुकमा परिवर्तन हुनेछ ।
सञ्चारमन्त्री डा तिमिल्सिनाले विगतका दिनमा राजनीतिले राज्यका निकाय र सार्वजनिक सेवा प्रवाहलाई बिचौलियाले नियन्त्रणमा लिएर जनतामाथि गरिएका अन्यायलाई उन्मुक्ति दिलाउन सरकार प्रतिबद्ध रहेको स्पष्ट पारे । सरकार गठन भएको छोटो अवधिमै भएका कामकारबाहीबाट सामान्य नागरिकले समेत राहत पाउने गरेर सुधार गरिएको उनको भनाइ छ ।
देशको विकास र परिवर्तनका लागि अहिलेका जनता निकै सचेत रहेका छन् । जनताको चाहना र भावनाअनुसार सकारात्मक परिवर्तन गर्न सरकारले काम गरिरहेको छ । सरकारका लागि देश र जनताभन्दा कुनै अर्को ठूलो प्राथमिकता छैन," मन्त्री तिमिल्सिनाले भने । देशमा विगतदेखिका विभिन्न समस्या र युवा वर्गको नैराश्यता अन्त्य गर्दै जनताको मुहारमा खुसी ल्याउन दिनरात नभनी सरकारले काम गरिरहेकाले परिवर्तन हुनेछ भन्नेमा आशावादी हुन उनले आग्रह गरे ।
सञ्चार मन्त्रालयअन्तर्गतका नेपाल टेलिकम, हुलाकलगायत नवीनतम काम गर्दै जनतालाई राहत दिन आफूले योजनाबद्ध रूपमा काम गर्दै आएको उनले जानकारी दिए । आगामी पाँच वर्षमा रचनात्मक काम गरेर जनतालाई परिवर्तनको महसुस गराई जनताको मुहारमा खुसी ल्याउन अहिलेको सरकार सफल हुने उनले विश्वास दिलाए ।
सूचना तथा सञ्चारमन्त्री डा तिमिल्सिनाले आगामी आर्थिक वर्षका लागि तयार भइरहेको बजेटमा नवीन योजना र जनतालाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रम समावेश गर्न लागिएको बताए । विगतका वर्षका बजेटमा राजनीति र शक्तिको पहुँच हाबी हुने गरेकाले आगामी वर्षको बजेटमा सामाजिक न्याय, जनताको माग र सरकारको लक्ष्यअनुरूप देश विकासको मुहार झल्कने 'नयाँ भिजन'को हुने उनले उल्लेख गरे । योजनाका लागि राजनीतिक दल, नेता, सांसद र मन्त्रीको ढोका चहार्नुपर्ने बाध्यता अन्त्य गर्दै पछि परेका वर्ग, समुदाय र भूगोलको प्रतिनिधित्वसहितको बजेट सरकारले तयार गरिरहेको उनले जानकारी दिए ।
डा तिमिल्सिनाले जनतालाई केन्द्रमा राखेर राजनीति गर्न पार्टीपङ्क्तिलाई सुझाव दिए । नयाँ नेतृत्व चयनका लागि सौहाद्र्रपूर्ण वातावरणमा निर्णय गर्न सुझाव दिँदै उनले अहिलेको राजनीति नयाँ मोडमा रहेकाले सोहीअनुसार अघि बढ्न सचेत गराए । देशमा लामो समयदेखि राजनीतिलाई कमाउने भाँडो, आफ्ना मान्छेलाई जागिरमा लगाउने माध्यम र पहुँचमा भएका व्यक्तिको चाहनाअनुसार प्रयोगमा ल्याइयो,उनले भने, रास्वपाको राजनीति जनताको सेवा गर्ने माध्यम हो । जिम्मेवारीमा पुग्ने एउटा साधन हो, साध्यका रुपमा लिनु हुँदैन । देश र जनतालाई निश्चित ठाउँमा पु¥याउने औजारका रूपमा राजनीतिलाई रास्वपाले लिएको उल्लेख गर्दै उनले पार्टीमा जोडिने र जिम्मेवारीमा रहने व्यक्तिले जनताको सेवालाई केन्द्रमा राखेर काम गर्नुपर्ने स्मरण गराए । मन्त्री तिमिल्सिनाले पदलाई प्राप्तिका रूपमा नलिई राजनीतिक जिम्मेवारीका रुपमा लिएर सङ्गठनलाई अघि बढाउन, विगतका बिग्रँदो राजनीतिलाई सुधार गर्न र आगामी स्थानीय तहको चुनावको तयारीमा ध्यान दिन अनुरोध गरे । पार्टीका विभिन्न तहमा अहिले भइरहेका निर्वाचनमा पदको प्राप्तिभन्दा देश निर्माणमा आफ्नो जिम्मेवारीका रूपमा लिएर सौहाद्र्रपूर्ण वातावरणमा नयाँ नेतृत्व चयन गर्न उनले सुझाव दिए ।रासस

# लुम्बिनीका मुख्यमन्त्री र बेलायती मन्त्री मल्होत्राबिच शिष्टाचार भेटवार्ता



**बुटवल ।**
लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य र बेलायत सरकारकी इन्डो–प्यासिफिक मामिला मन्त्री सीमा मल्होत्राबिच शिष्टाचार भेटवार्ता भएको छ । शनिबार रुपन्देहीमा उनीहरुबिच शिष्टाचार भेटवार्ता भएको हो ।
भेटका क्रममा मुख्यमन्त्री आचार्यले लुम्बिनी प्रदेश सरकार दिगो, समावेशी तथा रोजगारीमुखी आर्थिक वृद्धिमा केन्द्रित रहेको बताए । उनले उत्पादनमुखी लगानी प्रवद्र्धन, कृषि आधुनिकीकरण, पर्यटन विकास, औद्योगिक विस्तार, पूर्वाधार निर्माण तथा डिजिटल नवप्रवर्तनमार्फत प्रदेशको अर्थतन्त्र रूपान्तरण गर्ने लक्ष्य रहेको उल्लेख गरे ।
उनले बुद्धको जन्मस्थल लुम्बिनीले विश्वलाई शान्ति, सहिष्णुता र करुणाको सन्देश प्रवाह गरिरहेको उल्लेख गर्दै दिगो विकास, लगानी प्रवद्र्धन, पर्यटन विकास तथा मानव पुँजी विकासमा संयुक्त अधिराज्यसँग थप सहकार्य विस्तार हुने विश्वास समेत व्यक्त गरे । भेटमा संयुक्त अधिराज्यको सहयोग विशेषगरी मानव पुँजी विकास, सीप अभिवृद्धि, स्वास्थ्य प्रणाली सुदृढीकरण, जलवायु परिवर्तन अनुकूलन, कृषि रूपान्तरण, दिगो पूर्वाधार विकास, सुशासन तथा डिजिटल रूपान्तरणका क्षेत्रमा प्रभावकारी हुने विषयमा समेत छलफल भएको थियो । रासस

# 'गाभी'को उच्चस्तरीय टोलीसँग स्वास्थ्यमन्त्री मेहताको छलफल



काठमाडौं ।
स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले नेपालमा खोपको प्रभावकारी उपलब्धताका बारेमा 'खोपका लागि ग्लोबल एलायन्स'(गाभी)का उच्चस्तरिय टोलीसँग छलफल गरेकी छन् ।
स्विट्जरल्यान्ड जेनेभामा विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को ७९औँ विश्व स्वास्थ्यसभामा भाग लिनेक्रममा गाभीका उच्चस्तरीय टोलीसँगको छलफलमा उनले सङ्क्रमणकालमा खोप कार्यक्रमलाई प्रभावित हुन नदिन गाभीसँगको निरन्तर सहयोग अपरिहार्य रहेको बताइन् ।
उनले नेपालको सार्वजनिक स्वास्थ्य खर्च अझै पनि कुल गार्हस्थ्य उत्पादनको करिब पाँच प्रतिशतको हाराहारीमा मात्र सीमित रहेको अवस्थामा गाभीसँगको निरन्तर सहयोग र घनिष्ठ समन्वय अपरिहार्य रहेको बताएको मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारीले बताए ।
मन्त्री मेहताले स्वास्थ्य क्षेत्रको स्तरोन्नतिसँगै अन्तर्राष्ट्रिय अनुदानको ढाँचा परिवर्तन हुने र खोप खरिदमा नेपालले आफ्नै आन्तरिक लगानी क्रमशः बढाउँदै लगेर अन्ततः आफैँ सक्षम हुनुपर्ने अवस्था रहेको बताइन् ।
छलफलमा पारस्परिक सहकार्यलाई निरन्तरता दिने र सङ्क्रमणकालीन वित्तीय व्यवस्थापनलाई अवरोध नहुने विषयमा सहमति भएको मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले जानकारी दिए । बैठकले नेपालको राष्ट्रिय स्वास्थ्य प्रणालीलाई थप मजबुत बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने मन्त्री मेहताले बताएको उनले जानकारी दिए ।
आर्थिक स्तरोन्नतिको समयमा पनि जीवनरक्षक स्वास्थ्य सेवामा सबै नागरिकको समतामूलक पहुँच सुनिश्चित गर्न र दुई दशकभन्दा लामो नेपाल र गाभीबीचको साझेदारीलाई अझ विस्तार गर्न छलफलमा दुवै पक्ष प्रतिबद्ध देखिएको थियो ।
दुई पक्षको सहकार्यले समग्र नेपाली जनताको स्वास्थ्य र भलाइमा दीर्घकालीन योगदान पुर्याउने सुनिश्चित गरेको मन्त्री मेहताले उल्लेख गर्नुभएको मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले बताए ।
गाभीले सन् २००० यता नेपालको राष्ट्रिय खोप कार्यक्रमको एक प्रमुख साझेदार रहँदै आएको छ ।
सन् २०२५ मा नेपालले हासिल गरेको 'रुबेला निवारण' लगायत एचपीभी र अन्य जीवनरक्षक खोपको सफल विस्तारमा गाभीको महत्त्वपूर्ण प्राविधिक तथा वित्तीय भूमिका रहेको मन्त्री मेहताले उल्लेख गरे ।
'आगामी सन् २०२६ नोभेम्बरमा नेपाल अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने सङ्घारमा रहेको परिप्रेक्ष्यमा यो वार्ताले विशेष रणनीतिक महत्त्व राख्दछ,' मन्त्री मेहताले भनिन् ।
यही जेठ ३ गते सभामा सहभागी हुन गएकी मन्त्री मेहताले विभिन्न देशबाट आएका आफ्ना समकक्षी, दातृ निकायका प्रमुखसँग 'साइडलाइन' वार्ता गरिरहेकी छन् ।रासस

# सदस्यता नवीकरणमा अवरोध गर्नेलाई कारबाही गर्ने गगनको चेतावनी



**विराटनगर ।**
नेपाली कांग्रेसका सभापति गगन थापाले सदस्यता नवीकरणमा अवरोध गर्नेहरूलाई कारबाही गर्ने चेतावनी दिएका छन् ।
शनिबार बिहान डाक्टर शेखर कोइराला निवास पुगेर पत्रकार सम्मेलन गर्दै उनले पार्टीको विधान अनुसार नचल्नेलाई कारबाही गर्ने चेतावनी दिएका हुन् ।
'कुनै पनि तहबाट कसैले पनि सदस्यता अद्यावधिकमा अवरोध सिर्जना गर्नुभयो भने पार्टीको विधान अनुसार साथीलाई 'धन्यवाद' भनेर मैले अर्को साथीलाई जिम्मेवारी दिन्छु', उनले भने, 'त्यो प्रक्रिया प्रारम्भ भइसकेको छ, पार्टीको क्रियाशील सदस्यको तथ्याङ्क केन्द्रसँग हुनु भनेको भोलि उम्मेदवार छान्ने बेला र सूचना पाउने बेला सदस्यको अधिकार बलियो हुनु हो । यसमा कसैले अवरोध सिर्जना गर्नुहुन्न भन्ने विश्वास छ ।'

# सामुदायिक रेडियो प्रविधिमैत्री हुनुपर्छः सञ्चारमन्त्री

**पाटन ।**
सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमल्सिनाले आधुनिक प्रविधिको वर्तमान युगमा पनि सामुदायिक रेडियोको महत्त्व नघटेकाले यस्ता रेडियो प्रविधिमैत्री हुँदै जनअपेक्षाअनुसार सञ्चालन हुनुपर्नेमा जोड दिएका छन् ।
दक्षिण एसियाको पहिलो सामुदायिक प्रसारण सेवा रेडियो सगरमाथा १०२.४ मेगाहर्जको ३०औँ स्थापना दिवसका अवसरमा शनिबार आयोजित कार्यक्रममा उनले सामुदायिक रेडियो थप प्रविधिमैत्री भएर जनअपेक्षाअनुसार सञ्चालन हुनुपर्ने बताए ।
मन्त्री डा तिमल्सिनाले मुलुकका आमनागरिक तथा बुद्धिजीवीका कारण रेडियोको महत्त्व अहिले पनि नघटेकाले मर्यादित र उत्तरदायी पत्रकारिता आजको आवश्यकता रहेकामा जोड दिए ।
उनले नैतिक पत्रकारिता र जिम्मेवारीपूर्ण सञ्चारका लागि रेडियो सगरमाथा थप प्रविधिमैत्री हुँदै महत्त्वपूर्ण भूमिका निर्वाह गरोस् भनी शुभकामना व्यक्त गरे ।
.रेडियो सगरमाथा नेपालको इतिहासमा निष्पक्षताको मानक भएको तथ्य तीन दशकदेखि देखाइरहेका, पढाइरहेको छ । अहिले अधिकांश सञ्चारमाध्यमले सङ्घर्ष गरिरहनुपरेको छ । सञ्चारमाध्यमको दिगोपनाका लागि सकारात्मक प्रभाव पार्नेगरी हस्तक्षेपकारी भूमिका निर्वाह गर्नेछु,' मन्त्री डा तिमल्सिनाले भने ।
उनले लोक कल्याणकारी विज्ञापनमा राज्यले ३० करोड खर्च गरिरहेको जानकारी दिँदै अरु विज्ञापनमा चलखेल भएकाले हाललाई त्यो रोकिएको बताए ।
'सञ्चारमध्यमले पाउनुपर्ने विज्ञापन पाउन सकेका छैनन्, यसका लागि श्रमजीवी पत्रकारले आवाज उठाउनुपर्छ । सरकारलाई बुझाएको कर सदुपयोग हुनुपर्छ, लोक कल्याणकारी विज्ञापनको दुरुपयोग भएको भए सोको उचित हिसाब हुन्छ । जनताको इच्छा र अपेक्षाअनुसारको सञ्चारका लागि लोक कल्याणकारी विज्ञापन खर्च हुनुपर्छ', सञ्चरमन्त्री डा तिमल्सिनाले भने ।
उनले आफूले २०६० सालदेखि २०७० सालसम्म रेडियो सगरमाथामा नियमित सेवा गरेको स्मरण गर्दै मन्त्री हुनुको आधार रेडियो सगरमाथा रहेको धारणा राखे ।
नेपालका लागि युनेस्कोका प्रतिनिधि याको दु तेइले ३० वर्षको यो यात्रामा रोडियो सगरमाथाले समुदायको आवाजलाई बुलन्द बनाउन सहयोग गरेको भन्दै नागरिकको आवाजलाई उजागर गर्न सामुदायिक रेडियोको महत्त्वपूर्ण भूमिका हुने धारणा राखे । युनेस्कोले सामुदायिक रेडियोहरूका लागि कार्यक्रम र फेलोसिपहरू प्रदान गर्दै आएको उनले जानकारी दिए ।
वातावरण पत्रकार समूहका अध्यक्ष चन्द्रशेखर कार्कीले रेडियो सगरमाथा र वातावरण पत्रकार समूह एकअर्काका सारथी रहेका बताउँदै दुवै संस्थाको सहकार्य र समन्वयबाट प्रभावकारी र सकारात्मक सञ्चार प्रवाह गर्नुपर्ने आवश्यकता औँल्याए ।
रेडियो सगरमाथाका सञ्चालक समितिका अध्यक्ष डा घमराज लुइँटेलले रेडियो सगरमाथा स्वतन्त्र सञ्चारमाध्यम तथा अभिव्यक्ति स्वतन्त्रताको इतिहास भएको बताउँदै स्वतन्त्र र सामुदायिक भावनालाई उजागर गर्ने रेडियोलाई सरकारले अनुदान दिएर सहयोग गर्नुपर्नेमा जोड दिए ।
रेडियो सगरमाथाका स्टेसन म्यानेजन उर्वशी बस्नेतले सामुदायिक उत्तरदायित्वलाई केन्द्रमा राखेर तीन दशकदेखि निरन्तर काम गर्दै आएको जानकारी गराउँदै लोकतन्त्र, समृद्धि र सामुदायिक उत्तरदायित्वको यात्रामा जिम्मेवारी निर्वाह गरिरहेको उल्लेख गरे । दक्षिण एसियाको पहिलो स्वतन्त्र प्रसारण सेवाका रूपमा रेडियो सगरमाथाको सुभारम्भ विसं २०५४ जेठ ९ गतेदेखि सञ्चालन भएको थियो । रासस


# चिया बगानभित्रै 'सुपारी'को व्यावसायिक खेती



**झापा ।**
राम्रो बजार र उच्च आर्थिक सम्भावना बोकेको प्रमुख नगदे बालीका रूपमा झापामा चिया र सुपारीको अलग–अलग खेती हुँदै आएको छ । तर, यहाँको एक कम्पनीले भने एउटै जमिनमा दुवै बालीको मिश्रित खेती गरेर नयाँ अभ्यासको थालनी गरेको छ । भद्रपुर नगरपालिका ८ र ९ मा सञ्चालित 'हडिया रियल टि इस्टेट'ले ६० बिघा क्षेत्रफलमा चिया र सुपारीको व्यावसायिक खेती एकसाथ अघि बढाएको हो ।
चिया र सुपारीको पर्यावरणीय आवश्यकताअनुरुप जलवायु र माटो एकअर्कासँग निकै मिल्दोजुल्दो भएकाले मिश्रित खेती सुरु गरिएको इस्टेटका सञ्चालक भक्ति अधिकारीले जानकारी दिए ।
'सुपारीको अग्लो बोटले चिया झाडीलाई आवश्यक पर्ने हलुका छहारी दिन्छ', उनले भने, 'यसबाट एउटै बगान र एउटै लगानीबाट चिया र सुपारी दुवैको दोहोरो लाभ लिन सकिन्छ ।' झापामा कुनै व्यावसायिक कम्पनीले संस्थागत रूपमै अन्तरबालीका रूपमा यी दुवै बालीको खेती एकसाथ गरेको यो पहिलोपटक हो । उक्त बगानमा करिब एक दशकअघि नै चियाका बिरुवा रोपेर उत्पादन लिन थालिएको थियो भने सुपारीका बिरुवा तीन वर्षअघि मात्र थपिएको हो । हाल ६० बिगाहा क्षेत्रफलमा ६० हजार सुपारीका बोटहरू हुर्किरहेका छन् । चियाले लगातार उत्पादन दिइरहेको भन्दै उनले सुपारीले भने अबको चार वर्षपछि मात्र उत्पादन दिन थाल्ने बताए । चिया बगानभित्र सुपारी विस्तारका लागि कम्पनीले रु एक करोड अतिरिक्त लगानी गरिसकेको जनाएको छ । आगामी दिनमा कूल १०२ बिघा चिया बगानमै अन्तरबालीका रूपमा सुपारीखेती विस्तार गर्ने कम्पनीको योजना छ । 'हाम्रो बगानमा चिया पहिल्यै थियो', मिश्रित खेतीको अनुभव सुनाउँदै अधिकारीले भने, 'भारतको आसाम भ्रमणका क्रममा त्यहाँ चिया बगानभित्रै सुपारीका बोटहरू हुर्काएको देखेपछि मलाई पनि यो सोच आएको हो । हामीले आसामबाटै उन्नत जातको सुपारीको दाना ल्याएर आफ्नै नर्सरीमा बिरुवा तयार गर्यौं । अहिले ती बोटहरू तीन वर्षका भइसके ।' ऐतिहासिक रूपमा भारतबाटै नेपाल भित्रिएका यी दुवै बालीको मुख्य निर्यात बजार पनि भारत नै हो । हाल नेपालका ३१ जिल्लाको २१ हजार हेक्टरभन्दा बढी क्षेत्रफलमा चियाखेती फैलिएको छ भने सुपारीखेती मुख्य गरी कोशी प्रदेशका झापा, मोरङ, सुनसरी, उदयपुर र इलाम गरी करिब चार हजार हेक्टरमा छ । मुलुकको कूल सुपारी उत्पादन र क्षेत्रफलको दुई तिहाइभन्दा बढी हिस्सा झापा जिल्लाले मात्र ओगटेकाले यसलाई 'सुपारीको राजधानी' समेत भनिन्छ । जिल्लाको करिब तीन हजार हेक्टरमा सुपारीखेती हुन्छ । झापाको मेचीनगर र अर्जुनधारा नगरपालिका तथा बुद्धशान्ति गाउँपालिका सुपारी उत्पादनका प्रमुख केन्द्र हुन्, जहाँ रैथाने किसानहरूले परम्परागत रूपमै यसको खेती गर्दै आएका छन् ।
पछिल्लो समय झापामा छहारी मन पराउने बालीहरू चिया, मरिच, अलैँची र केराको अन्तरबाली लगाएर एउटै जमिनबाट बहुआयामिक लाभ लिने उत्कृष्ट अभ्यास भइरहेको छ । मेचीनगर नगरपालिका–४ का अगुवा किसान रवि नेपालले यसअघि नै व्यक्तिगत रूपमा यस्तो मिश्रित खेतीबाट मनग्य आम्दानी गरिरहेका छन् । व्यावसायिकस्तरमा ठूलो लगानी गरेर चिया र सुपारीको मिश्रित खेती गर्ने जोखिम हडिया रियल टी इस्टेटले पहिलोपटक उठाएको हो । बगानमा सुपारीका बोटहरू क्रमशः हुर्किँदै गएपछि छहारीका लागि पहिले लगाइएका सिरिसलगायतका रुखहरू हटाइएको छ । कम्पनीले सुपारीखेतीको छुट्टै हेरचाह, गोडमेल र मलजलका लागि विशेष प्राविधिक तथा श्रमिकसमेत परिचालन गरेको जनाएको छ ।
हडिया इस्टेटको यो मिश्रित खेती मोडेल सफल भएमा जिल्लाका अन्य ठूला चिया बगानहरूमा पनि सुपारी खेती विस्तारको नयाँ ढोका खुल्नेछ । यसैको सिको गर्दै मेचीनगर नगरपालिका–१५ स्थित 'वंशल टी इस्टेट'ले पनि परीक्षणका रूपमा चिया बगानभित्र सुपारीका बिरुवा रोप्न सुरु गरिसकेको छ । रासस

# गन्धर्व समुदाय वैकल्पिक पेसा अपनाएर जीविकोपार्जन गर्दै

**नारायणी रजौरे**
**दाङ ।**
पहिलेपहिले गाउँगाउँमा पुगेर सारङ्गी बजाएर जीविकोपार्जन गर्दै आएका यहाँका गन्धर्व समुदायले केही वर्षदेखि पुर्खौली पेसा छोडेर आयआर्जनका लागि वैकल्पिक पेसा अँगालेका छन् । आधुनिक गीतसङ्गीतप्रति आकर्षण बढ्नु, प्रविधिको विकासका साथै समाजले आफूहरूलाई हेर्ने दृष्टि फरक भएकाले परम्परादेखिको पेसा छोडेर आत्मनिर्भर बन्नका लागि वैकल्पिक पेसा अँगालेर जीविकोपार्जन गर्दै आएको उनीहरुको भनाइ छ । बीस वर्ष पहिलेदेखि जिल्लाका ग्रामीण क्षेत्रका साथै तुलसीपुर, घोराही, लमहीका बजारक्षेत्रमा गीत गाउँदै हिँड्नुभएका तुलसीपुर उपमहानगरपालिका–४ रक्षाचौर गन्धर्व टोलका ६० वर्षीय गोपाल गन्धर्वले पुर्खौली पेसाबाट आम्दानी हुन छाडेपछि वैकल्पिक पेसा रोज्न बाध्य भएको बताए ।



'हामीलाई समाजले हेला गर्ने दृष्टिकोण, आधुनिक गीतसङ्गितको आकर्षण बढ्नु, राज्यले पनि वेवास्ता गर्नुलगायत कारणले गाउने पेसाबाट खानलाउन नपुग्ने अवस्था आएपछि पाँच वर्षपहिले पुर्खौली पेसा छोडेर दैनिक मजदुरीलगायत अन्य काम गर्न थालेका छौँ', उनले भने । सोही पेसाबाट घरखर्च चलाउने, नातीनातीना पढाउनेलगायत खर्च व्यवस्थापन भइरहेको उनले बताए । गोपालका अनुसार यस टोलमा ६३ परिवार छन् भने रक्षाचौरस्थित गणेश गन्धर्व टोलमा चार सयबढी गन्धर्व परिवार बसोबास गर्दै आएका छन् । अहिले यस टोलका पाँच जनाले मात्र पुर्खौली पेसा अँगालेका उनले जानकारी दिए । ती पाँच जना पनि कुनै काम नपाएको बेलामा मात्र गाउँदै हिँड्छन् । हातमुख जोड्न साह्रै मुस्किल परेकाले यो पेसा गर्न नपरोस् भन्ने सोच सबैको रहेको गोपालले बताए । अहिलेको पुस्ताले गायन पेसाप्रति देखाएको उदासीनताले आफ्नो जातिको अस्तित्व सङ्कटमा पर्नसक्ने चिन्ता बढेको गणेशटोलका ७६ वर्षीय शालिकराम गन्धर्वले बताए । युवापुस्तालाई आर्थिक रूपमा सक्षम बनाएमा मात्र संस्कृति र जातीय पहिचान जोगाउन पुर्खौली पेसा अँगाल्न सकिने उनको भनाइ छ । शालिकरामका अनुसार अहिले गन्धर्व समुदायका बालबालिका अध्ययनका लागि विद्यालय जान थालेका छन् । युवाहरू आयमूलक काम, ज्याला, मजदुरलगायत काममा आबद्ध हुन थालेका छन् महिलाले वनजङगलबाट सालको पाट टिपेर तुलसीपुर बजारमा बिक्री गरी आम्दानी गर्न थालेका उनले जानकारी दिए । कपिय युव भने भारतमा ज्याला मजदुरी गर्न गएका छन् । पुर्खाहरू सल्यानको हिउल्चाबाट दाङमा आएका स्थानीय टेकबहादुर गन्धर्वले बताए । उहाँका अनुसार पुर्खौली पेसाबाट हातमुख जोर्न मुस्किल भएपछि पलायन भएका गन्धर्व हाल दाङको तुलसीपुर, घोराही, पातेटाकुरा, एकलीलगायत स्थानमा फलफूल तथा तरकारी बिक्री गर्ने, ज्याला, मजदुरी, माछा मार्ने, मादल बनाउनेलगायत काम गरेर जीविकापार्जन गर्दै आएका छन् । 'आफू पनि पहिले मानामुठी अन्न बटुल्ने क्रममा दाङ, सल्यान, रुकुम, रोल्पालगायत स्थानसम्म पुग्ने गर्दथे । सो पेसाबाट घरपरिवार पाल्न नसकेपछि हाल तुलसीपुरमा आएर मजदुरी गर्दै आएको छु', टेकबहादुरले भने । जातीय पहिचान बोकेका गन्धर्वको संस्कृति, परम्परा र पुर्खौली पेसा हराउन थालेकामा उनले चिन्ता व्यक्त गरे ।
'गाइनेहरूले हिजोआज गायकगायिकाका गीतहरू मात्र सुनाउने गर्दछन् । आफूले खासै मेहनत नगरेकाले पनि परम्परागत शैली हराइसकेको छ । त्यस्तै अहिले युट्युब, टिकटकले गर्दा गन्धर्वका गीत सुन्न कसैले रुचाउँदैन', टेकबहादुरले भने । सोही कारणले अधिकांश युवा रोजगारीका लागि भारतमा जाने गरेका उनको भनाइ छ । नयाँ गायकको नक्कल गर्ने, सामाजिक सञ्जाल र सञ्चारमाध्यमको बढ्दो प्रयोग तथा युट्युब हेर्ने प्रवृत्तिले लोकप्रिय 'कर्खा भाका' हराउन लागेकामा गन्धर्व समुदायका अगुवा एवं गायक सुशील गन्धर्व चिन्तित छन् । उनले भने, 'कुनै घटनाको कथावस्तुलाई गीत बनाएर गाइने 'कर्खा भाका' अहिले सबैलाई गाउन आउँदैन । गन्धर्वको उत्थानमा कसैले पनि ठोस प्रयास नगरेकाले नेपाली संस्कृतिको एउटा अध्याय मेटिने हो कि भन्ने डर लागेको छ ।'
कक्षा ९ को नेपाली विषयमा लोकबाजा भन्ने पाठमा आफ्ना बारेमा लेखिएको पाउँदा अत्यन्तै खुसी लागेको लागको सुशीलले बताए । स्थानीय सरकारबाट हालसम्म आफूले वा समुदायले कुनै पनि सहयोग नपाएको भन्दै कला, संस्कृति र मौलिक परम्परा संरक्षण, संवद्र्धन तथा प्रवद्र्धन गर्न स्थानीय सरकारले विशेष योजनासहित प्रभावकारी कदम चाल्नुपर्नेमा उनले जोड दिए । 'हरेक चुनावमा हामीलाई भोट बैंकका रूपमा मात्र प्रयोग गरिन्छ । लोपोन्मुख यो संस्कृतिको जगेर्नाका लागि तीनै तहका सरकारले विशेष कार्यक्रम ल्याउनुपर्ने र यस समुदायका युवालाई रोजगारी तथा आयआर्जनका काममा लगाउन राज्यले उचित नीति बनाउनुपर्छ', उनले माग गरे ।
पहिला सञ्चारको विकास नभएको समयमा समाजमा भएका राम्रा, नराम्रा घटनालाई गीत बनाएर सुसेल्ने गन्धर्वको पेसा हराउँदै जानु नेपाली संस्कृतिका लागि विडम्बनाको विषय भएको संस्कृतिविद् एवं प्राचार्य निर्मला डाँगीले बताए । उनले भने, 'समाजमा भएका विकृतिलाई सारङ्गीको मीठो धून अनि सुरिलो भाकामा साधारण मानिससम्म सन्देश छरी चेतना वृद्धि गर्ने गन्धर्वको पुर्खौली पेसाको संरक्षण गर्न सबैले पहल गर्नुपर्छ । साथै गन्धर्वले पनि आफ्नो पेसाप्रति गर्व गर्नुपर्छ ।'
नेपाली संस्कृतिको पहिचान दिलाउने लोकगीत पनि ओझेलमा पर्ने भएकाले यसलाई संरक्षण गरी संस्कृतिलाई पुनःजीवन दिनुपर्ने शिक्षिका कमला चापागाईले बताए । गन्धर्वको पेसा संरक्षण, प्रवद्र्धकाका साथै मौलिक परम्पराको रक्षा गर्न तीनै तहका सरकार, विभिन्न सङ्घसङ्गठन तथा सरोकार भएका निकायले आपसी सहकार्य र समन्वयमार्फत योजनाबद्ध रूपमा काम गर्नुपर्नेमा उनले जोड दिए । रासस

# ग्यास विस्फोट हुँदा आठ जनाको मृत्यु



**चीन ।**
उत्तरी चीनको एउटा कोइला खानीमा ग्यास विस्फोट हुँदा कम्तीमा आठ जनाको मृत्यु हुनुका साथै दर्जनौं वेपत्ता भएको जनाइएको छ । सिन्ह्वा समाचार एजेन्सीका अनुसार शानक्सी प्रान्तको लिउसेनयु कोइला खानीमा शुक्रबार साँझ ७:२९ बजे विस्फोट भएको थियो । विस्पोटको समयमा २४७ जना कामदारहरू कोइलाखानीमै फसेको उल्लेख गर्दै ती मध्ये २०१ लाई शनिबार सुरक्षित रूपमा उद्धार गरिएको सिन्ह्वाले जनाएको छ । स्थानीय आपतकालीन व्यवस्थापन अधिकारीहरूलाई उद्धृत गर्दै सिह्न्वाले आठ जनाको मृत्यु भएको पुष्टि गरेको छ भने ३८ जना अझै वेपत्ता रहेकाले उनीहरुको खोजी कार्य जारी रहेको बताएको छ । राष्ट्रपति सी जिनपिङले घाइतेहरूको उपचार गर्न सम्भावित सबै प्रयास गर्न आग्रह गर्दै घटनाको गहन अनुसन्धान गर्न आह्वान गरेको सिन्ह्वाले जनाएको छ ।
उनले सबै क्षेत्र र विभागहरूले यो दुर्घटना बाट पाठ सिकेर कार्यस्थलको सुरक्षाको सन्दर्भमा निरन्तर सतर्क रहनु पर्ने र विनाशकारी घटनालाई नियन्त्रण गर्नु पर्ने कुरामा जोड दिए । यस अघि नै सिन्ह्वाले ग्यास–खानीमा कार्बन मोनोअक्साइडको स्तर–एक अत्यधिक विषाक्त स्थरमा पुगेको रिपोर्ट गरेको थियो । वेपत्ता रहेकाहरुका केहीको अवस्था 'गम्भीर' रहेको अघिल्लो रिपोर्टले जनाएको छ । पछिल्लो समयमा चीनमा खानीको सुरक्षामा सुधार आएको भएता पनि मनग्य सुरक्षा प्रावधानहरु अवलम्वन गर्न नसकिएकाले अझै पनि बारम्बार दुर्घटनाहरू हने गरेका छन् । रासस

# अमेरिकी विदेशमन्त्री रुबियो भारतमा



नयाँ दिल्ली ।
अमेरिकी विदेशमन्त्री मार्को रुबियो शनिबार पहिलो पटक भारत भ्रमणमा आएका छन् । चीनसँग भएको शिखर सम्मेलनको एक हप्तापछि उनी भारत आएका हुन् । रुबियोले भारतको कोलकाताबाट आफ्नो चार दिने, भारत भ्रमण सुरु गरेका छन् । जहाँ उनले स्वर्गीय मदर टेरेसाको मिसनरीज अफ च्यारिटीको मुख्यालयको भ्रमण गर्ने कार्यक्रम तय भएको जनाइएको छ । यो कार्यक्रम पछि रुबियो नयाँ दिल्ली जाने र प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेट्ने अमेरिकी विदेश विभागले जनाएको छ । रुबियोले क्वाडका लागि आएका–अष्ट्रेलिया, भारत, जापान र संयुक्त राज्य अमेरिकाका विदेश मन्त्रीहरूको बैठकमा पनि सहभागी हुने जनाइएको छ । यसैबिच चीनले भने लामो समय देखि क्वाड माथि शङ्का गर्दै आएको छ । यसअघि अमेरिकी राष्ट्रपति ट्रम्पले गत हप्ता चीनको राजकीय भ्रमण गरेका थिए, जहाँ उनले केहि घोषणा तथा सम्झौताहरु गरेका थिए भने राष्ट्रपति सी जिनपिङबाट प्राप्त स्वागतको प्रशंसा गरेका थिए ।
भारतसँग घनिष्ठ सम्बन्धको वकालत गरिरहेका रुबियोले पत्रकारहरूसँगको साक्षातकारमा यो भ्रमण आफ्नो जीवनको पहिलो भारत भ्रमण हुने बताएका छन् । रुबियोसँग उनकी श्रीमती जेनेट पनि भारत भ्रमणमा आएको जनाइएको छ भने उनीहरुले भारतको आगरामा स्थित प्रेमको विश्व प्रसिद्ध स्मारक ताजमहलको भ्रमण गर्ने कार्यक्रम तय भएको जनाइएको छ । रासस

# मिस्त्रीखोलामा माछा पाइन छाडे

**म्याग्दी ।**
म्याग्दीको अन्नपूर्ण गाउँपालिका–४ नारच्याङ भएर बग्ने मिस्त्रीखोलामा माछा पाइन छाडेका छन् । जलविद्यु◌ुत आयोजना निर्माण भएपछि मिस्त्रीखोलामा पानीको सतह घट्न घट्दा त्यसको असर माछालगायत जलचरमा परेको हो । अन्नपू◌ूर्ण गाउँपालिका–४ नारच्याङको बाँसबोटका अविन चोचाङ्गीले खोलामा बग्ने पानी जलविद्यु◌ुत् आयोजनाको बाँधदेखि सुरुङमार्फत विद्युत्गृहमा पुग्न थालेपछि माछा, पाहा पाइन छाडेको बताए । 'पहिले मिस्त्रीखोलामा प्रशस्त माछा, पाहा पाइन्थ्यो, पानी सु◌ुकेपछि अहिले पाइन छाड्यो,' उनले भने 'खोलामा भएको १० प्रतिशत पानी छाडेपनी सतह घटेपछि माछालगायत जलचरले बासस्थान छाड्दा रहेछन् ।' विस २०७७ मा ४२ मेगावाट क्षमताको मिस्त्रीखोला जलविद्युत् आयोजना निर्माण भएपछि नारच्याङ्को दोभिल्लादेखि कालीगण्डकीको दोभानसम्म हिउँदको मङ्सिरदेखि जेठ महिनासम्म मिस्त्रीखोलामा न्युन मात्रामा पानी बग्ने गर्छ । मुख्य याममै माछा पाइन छाडेपछि माछा मारेर जिविकोपार्जन गर्दै आएकाले ज्याला मजदुरी र खेती किसानीको वैकल्पिक पेशा रोजेको बताउँछन् । बाँसबोट, नारच्याङ, पटार टोलका बासिन्दाले मिस्त्रीखोलामा माछा मार्ने गरेका थिए । अन्नपू◌ूर्ण र निलगिरि हिमालको फेदीबाट बगेर आउने चिसो पानीमा हु◌ुर्किएका



मिस्त्रीखोलाका असला माछाको प्रमुख बजार पर्यटकीयस्थल भुरुङ्ग तातोपानी हो । स्थानीय माछाले माग धान्न नसकेपछि बाहिरबाट मगाउनु◌ुपरेको होटल ब्यवसायी अमृतमान शेरचनले बताए । असला माछाको स्थानीय बजार भाउ प्रतिकिलोग्राम रु एक हजार ५०० देखि एक हजार ७०० रहेको छ । अन्नपू◌ूर्ण गाउँपालिका–४ नारच्याङका वडा अध्यक्ष लोकबहादुर फगामीले जलविद्युत् आयोजनाबाट भौतिक पूर्वाधार र आर्थिक हिसाबले फाइदा पुगेपनि नदीमा पाइने जलचर पाइन छाडेको, पानीका परम्परागत मु◌ुहान सुकेर वैकल्पिक ब्यवस्था मिलाउनु◌ुपरेको र वन्यजन्तुले बासस्थान छाड्ने असर देखिएको बताए ।
'हाइड्रो आएपछि सडक यातायात सुविधा, स्थानीय पूर्वाधार आयोजनामा सहयोग, प्रभावितलाई सेयर लगानीको अवसर मिल्नुका साथै केही नकारात्मक असर पनि देखिएका छन,' उनले भने 'सबैभन्दा ठूलो असर माछालगायत जलचर पाइन र नजिकका जङ्गलमा वन्यजन्तु◌ु देखिन छाडेका छन् ।' नियमअनुसार १० प्रतिशत पानीलाई खोलामा छाड्न लगाइएको र समय समयमा अनु◌ुगमन तथा निगरानी गरिएको वडा अध्यक्ष फगामीले बताए । नारच्याङ ऊर्जा गाउँको रूपमा परिचित छ । यहाँ ७१ मेगावाटको निलगिरि, ३८ मेगावाटको निलगिरि पहिलो, ४२ मेगावाटको मिस्त्रीखोला, पाँच मेगावाटको घलेम्दीखोला, छ दशमलब पाँच मेगावाटको रेलेखोला जलविद्युत् आयोजना निर्माण सकिएर सञ्चालनमा आएका छन् । ६६.५ मेगावाटको मध्य कालिगण्डकी र नौ दशमलब १२ मेगावाटको सुपर घलेम्दी निर्माणाधिन छन् । १८४ मेगावाट क्षमताको कालीगण्डकी गर्जे जलविद्युत् आयोजना निर्माणको तयारीमा छ । १२ मेगावाट क्षमताको मिस्त्रीखोला 'क्यासकेड' सर्वेक्षणको प्रक्रियामा छ । रासस

# डोल्पाको छार्का ताङसोङ गाउँपालिकामा फोरजीसेवा




**काठमाडौँ ।**
नेपाल टेलिकमले डोल्पाको छार्का ताङसोङ गाउँपालिकाको केन्द्र कागकोटमा फोरजी सेवा सुरु गरेको छ । समुन्द्री सतहदेखि चार हजार २०० मिटर उचाइमा अवस्थित मुकोटस्थित टावरमा फोरजी उपकरण जडान गरी माइक्रोवेभ रेडियोमार्फत सो सेवा सञ्चालनमा ल्याइएको नेपाल टेलिकमका प्रवक्ता डा कमल लामिछानेले जानकारी दिए ।
यससँगै नेपाल टेलिकमको फोरजी सेवा पुगेका स्थानीय तहको सङ्ख्या ७५० पुगेको छ । माथिल्लो डोल्पामा सञ्चालनमा ल्याइएको यो पहिलो फोरजी साइट हो । अब डोल्पा जिल्लाकै डोल्पो बुद्ध गाउँपालिका र शे फोक्सुन्डो गाउँपालिका तथा मनाङको नार्पा भूमि गाउँपालिकामा टेलिकमको फोरजी सेवा पुग्न बाँकी छ ।
नेपाल टेलिकमले निकट भविष्यमा ती स्थानीय निकायहरुमा समेत फोरजी सेवा विस्तार गर्ने कार्यलाई निरन्तरता दिने जनाएको छ । फोरजी सेवा विस्तारसँगै स्थानीय बासिन्दा, पदमार्गका पदयात्री र पर्यटकहरूको सञ्चार पहुँच सहज हुनुका साथै विभिन्न प्रशासनिक, सुरक्षा, स्वास्थ्य तथा शैक्षिक गतिविधिमा सहयोग पुग्ने र दुर्गम हिमाली क्षेत्रलाई आधुनिक डिजिटल नेटवर्कसँग जोड्दै समग्र क्षेत्रीय विकासमा समेत सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ ।
‘राष्ट्रको सञ्चार’ को रुपमा रहेको नेपाल टेलिकमले देशका सुगमदेखि अति दुर्गम स्थानहरूमा अत्याधुनिक दूरसञ्चार सेवा र सूचना प्रविधिको पहुँच पुर्याउने आफ्नो प्रतिबद्धतालाई निरन्तरता दिइरहेको जनाएको छ । रासस

# सार्वजनिक बसमा ‘लगेज ट्याग’ प्रणाली लागू हुँदै




**काठमाडौं ।**
काठमाडौँ उपत्यकाबाट बाहिरिने लामो दूरीका सार्वजनिक सवारी साधनमा अबदेखि यात्रुको लगेज (झोला) ट्याग प्रणाली लागू गरिने भएको छ । यात्रुको सामान सुरक्षित बनाउने, झोला हराउने तथा साटिने समस्या अन्त्य गर्ने र सार्वजनिक यातायातलाई थप व्यवस्थित बनाउने उद्देश्यसहित उक्त प्रणाली लागू गर्न लागिएको हो ।
यस सम्बन्धमा शुक्रवार काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालय र राष्ट्रिय यातायात व्यवसायी महासङ्घबीच औपचारिक सम्झौता भएको छ । सम्झौतापत्रमा काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारी तथा राष्ट्रिय यातायात व्यवसायी महासङ्घका अध्यक्ष सरोज सिटौलाले हस्ताक्षर गरेका हुन् । सम्झौताअनुसार अब लामो दूरीका सार्वजनिक बसमा यात्रा गर्ने यात्रुको लगेजमा यहीँ जेठ १५ गतेदेखि विशेष ट्याग लगाइने भएको छ । यात्रुले पाउने ट्याग नम्बर र बसमा राखिने सामानको ट्याग नम्बर मिलाएर मात्रै गन्तव्यमा सामान बुझाइने व्यवस्था गरिने बताइएको छ ।
यसले यात्रुको सामान सुरक्षित राख्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ । काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीले सार्वजनिक यातायात क्षेत्रमा बढ्दो लगेज चोरी, झोला हराउने तथा गैरकानुनी गतिविधि नियन्त्रण गर्न यस्तो प्रणाली आवश्यक रहेको जानकारी दिए ।

# भैरहवालाई नमूना पर्यटकीय सहर बनाउने घोषणा

**भैरहवा ।**
सिद्धार्थनगर नगरपालिकाका प्रमुख इस्तियाक अहमद खानले भैरहवालाई नमूना पर्यटकीय सहर बनाउने घोषणा गरेका छन् । यहाँ आयोजित ‘भैरहवा सहरः उद्योग, पर्यटन र व्यापार’ विषयक बहसपछि साझा प्रतिबद्धता जनाउँदै नगर प्रमुख खानले भैरहवालाई नेपालको नमूना पर्यटकीय सहरका रूपमा विकास गर्न नगरपालिकाले नीति तथा कार्यक्रममार्फत पहल गर्ने बताए ।
बहसमा सहभागी पर्यटन व्यवसायी चन्द्रप्रकाश श्रेष्ठ ९सीपी० ले स्थल र हवाईमार्गबाट सहज पहुँच रहेको भैरहवालाई पर्यटकीय हबका रूपमा विकास गर्न ढिलाइ गर्न नहुने धारणा राखे । होटल एसोसिएसन नेपालका केन्द्रीय सदस्य तथा सिद्धार्थ होटल एसोसिएसन ९सान० का अध्यक्षसमेत रहेका उनले आगामी बजेट तथा कार्यक्रममा भैरहवालाई पर्यटकीय सहरका रूपमा प्राथमिकता दिनुपर्ने बताए ।
स्थलमार्ग हुँदै तेस्रो मुलुकका सबैभन्दा बढी पर्यटक भित्रिने बेलहिया नाका भैरहवामै पर्दछ । बेलहिया र भैरहवाबाट नेपालका विभिन्न स्थानमा सिधा बस सेवा सञ्चालन हुँदै आएको छ । सिद्धार्थ यातायात र पश्चिम नेपाल बस समितिले सञ्चालन गरेका सयौँ बसले दैनिक सेवा दिइरहेका छन् ।
बहसमा सहभागीहरुले पर्यटकीयस्तरका होटल, स्पा, क्यासिनो, क्लब तथा पर्यटकीय रेष्टुराँ पर्याप्त रहेको भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलबाट देशका विभिन्न स्थानमा आन्तरिक उडान विस्तार गर्न नगर सरकारले पहल गर्नुपर्ने सुझाव दिएका थिए ।
निर्माण व्यवसायी महासङ्घका पूर्वकेन्द्रीय उपाध्यक्ष टोपबहादुर रायमाझीले भैरहवालाई सुन्दर र पर्यटकीय सहरका रूपमा विकास गर्न निर्माण व्यवसायीले पूर्ण साथ दिने बताए । उनले निर्माण व्यवसायीले गरेको कामको ठूलो रकम अझै भुक्तानी नपाए पनि भैरहवालाई पर्यटकीय र व्यवस्थित सहर बनाउन सहयोग जारी राख्ने प्रतिबद्धता व्यक्त गरे ।
कार्यक्रममा चेम्बर अफ कमर्स लुम्बिनीका कोषाध्यक्ष खिमबहादुर खत्रीले भैरहवाको व्यापार र पर्यटनमैत्री वातावरणलाई थप व्यवस्थित बनाउन नगर सरकारले विशेष ध्यान दिनुपर्ने बताए । महिला उद्यमी सलुजा रामदमले भैरहवालाई महिलामैत्री सहरका रूपमा विकास गर्न सके पर्यटन र उद्यमशीलता दुवै क्षेत्र विस्तार हुने धारणा राखिन् । उनले महिला उद्यमीलाई प्रोत्साहन गर्ने विशेष कार्यक्रम आवश्यक रहेको बताए । रासस

## नेपालमा मृत्युको प्रमुख कारक बन्दै नसर्ने रोगः

# रोगको जोखिमलाई घटाउने उपाय ‘पेन–डी प्याकेज’

**काठमाडौँ ।**
नेपालमा नसर्ने रोगहरू (उच्च रक्तचाप, मधुमेह, क्यान्सर, मुटु तथा रक्तनली र श्वासप्रश्वाससम्बन्धी रोग) समयअगावै हुने मृत्युका प्रमुख कारणका रूपमा देखापरेका छन् । विश्व स्वास्थ्य सङ्गठनका अनुसार कुल मृत्युको करिब ७१ प्रतिशत हिस्सा नसर्ने रोगका कारण हुने गरेको छ । साथै, सन् २०३० सम्म यो दर ७९ प्रतिशतसम्म पुग्ने प्रक्षेपण गरिएको छ । यस्ता रोगहरूले व्यक्ति, परिवार तथा समग्र स्वास्थ्य प्रणालीमा पर्ने भार निरन्तर बढाइरहेका छन् । स्वास्थ्य तथा खाद्य सुरक्षा मन्त्रालयद्वारा कार्यान्वयनमा ल्याइएको ‘नसर्ने रोगको रोकथाम तथा नियन्त्रणका लागि बहुक्षेत्रीय कार्ययोजना (२०७८–२०८२)’अनुसार करिब २२ प्रतिशत नेपाली जनता नसर्ने रोगका कारण ३० देखि ७० वर्षको उमेर बीचमै अकाल मृत्युको जोखिममा छन् ।
पछिल्लो समय अधिकांश घरपरिवारमा कुनै न कुनै प्रकारका नसर्ने रोगका बिरामी भेटिन थालेका छन् । यद्यपि, २०७८ माघ २४ गते मन्त्रिपरिषद्बाट स्वीकृत उक्त महत्वाकाङ्क्षी कार्ययोजनाले अपेक्षित रूपमा नसर्ने रोग न्यूनीकरणमा उल्लेखनीय सुधार ल्याउन सकेको छैन । नेपालमा व्यक्तिगत घटना दर्ता प्रणाली पूर्ण रूपमा प्रभावकारी नभएकाले नसर्ने रोगसम्बन्धी राष्ट्रिय मृत्यु–दरका तथ्याङ्क प्राप्त गर्न अझै चुनौती रहेको छ । हाल करिब ५० प्रतिशत मृत्यु मात्र दर्ता हुने अनुमान गरिएको छ । सरकारी अस्पतालहरूको अन्तरङ्ग तथा बहिरङ्ग सेवामा आउने बिरामीहरूमध्ये ठूलो हिस्सा नसर्ने रोगसँग सम्बन्धित रहेको तथ्याङ्कले देखाएको छ । अर्कोतर्फ, भूकम्प, बाढी, पहिरो तथा जलवायुजन्य विपद्जस्ता जोखिमप्रति नेपालको उच्च संवेदनशीलताले कमजोर स्वास्थ्य सेवा प्रणालीलाई पटक–पटक प्रभावित बनाइरहेको छ । नसर्ने रोग भएका व्यक्तिहरूका लागि यस्ता अवरोधहरू झन् प्राणघातक बन्न सक्छन् । यसले नियमित उपचारमा अवरोध, औषधिको अभाव तथा गम्भीर स्वास्थ्य जटिलता निम्त्याउने गरेको छ ।
विपद्को समयमा नसर्ने रोग भएका व्यक्तिहरूको उपचार सेवालाई निरन्तरता दिन विपद्का समयमा नसर्ने रोगसम्बन्धी अत्यावश्यक हेरचाह ‘पेन–डी प्याकेज’ तयार गरिएको हो । यो ‘प्याकेज’ले विपद्का बेला नसर्ने रोगको उपचारमा देखिने महत्वपूर्ण कमी तथा अवरोधलाई सम्बोधन गर्ने उद्देश्य राख्दछ । नेपालले प्राथमिक स्वास्थ्य सेवामार्फत नसर्ने रोग व्यवस्थापनका लागि विश्व स्वास्थ्य सङ्गठनको ‘अत्यावश्यक नसर्ने रोग उपचार प्याकेज’ (डब्लुएचओ – पेन) अवलम्बन गरिसकेको भए पनि विपद्का समयमा त्यसलाई प्रभावकारी रूपमा सञ्चालन गर्न अझै पर्याप्त तयारी र संरचना आवश्यक रहेको देखिएको छ ।
‘पेन–डी प्याकेज’ ले विद्यमान राष्ट्रिय स्वास्थ्य प्रणाली र ‘प्रोटोकल’लाई आधार मानेर आपत्कालीन अवस्थालाई ध्यानमा राख्दै सेवाको दायरा विस्तार गर्न सहयोग गर्दछ । यसले नियमित स्वास्थ्य प्रणाली अवरुद्ध भए पनि अत्यावश्यक नसर्ने रोगसम्बन्धी सेवाहरू उपलब्ध, सञ्चालनयोग्य र प्रभावकारी रहने सुनिश्चित गर्दछ । नयाँ ‘क्लिनिकल’ मापदण्ड थप गर्नुको सट्टा यसले उपचार सेवाको निरन्तरतामा विशेष जोड दिन्छ । साथै, विपद्अघि, विपद्को समयमा र विपद्पश्चात् औषधि, निदान सेवा, दक्ष जनशक्ति तथा सेवा प्रवाह प्रणालीलाई सक्रिय र सुदृढ राख्न सहयोग पु¥याउँछ ।



‘पेन–डी प्याकेज’ मुख्य रूपमा एक व्यावहारिक तथा एकीकृत कार्यढाँचा हो, जसले नसर्ने रोगसम्बन्धी सेवाहरूलाई विपद् पूर्वतयारी, प्रतिकार्य तथा पुनःस्थापनाका गतिविधिसँग जोड्दछ । यसअन्तर्गत जोखिम नक्साङ्कन, उच्च जोखिममा रहेका बिरामीहरूको पहिचान, आवश्यक औषधि तथा परीक्षण सामग्रीको पूर्व भण्डारण, मोबाइल तथा विकेन्द्रीकृत स्वास्थ्य सेवा सञ्चालन, स्वास्थ्यकर्मी तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको क्षमता अभिवृद्धि, र बिरामीहरूलाई स्व–हेरचाहसम्बन्धी मार्गदर्शन प्रदान गर्ने व्यवस्था समावेश गरिएको छ ।
यसले स्वास्थ्य तथा विपद् व्यवस्थापन प्रणाली बीचको समन्वयलाई प्राथमिकता दिँदै समुदायदेखि स्वास्थ्य संस्था र राष्ट्रिय स्तरसम्मको प्रतिकार्य संयन्त्रलाई जोड्दछ । यसरी ‘पेन–डी प्याकेज’ ले नसर्ने रोगसम्बन्धी सेवाहरूलाई समुदायस्तरीय स्वास्थ्य सेवासँग एकीकृत गरी विपद्को कठिन परिस्थितिमा पनि सेवा निरन्तरता कायम राख्न सक्षम प्रणाली निर्माणमा सहयोग पु¥याउँछ ।
विपद् व्यवस्थापन चक्रका सबै चरणमा ‘पेन–डी प्याकेज’ को भूमिका अत्यन्त महत्वपूर्ण छ । विपद्अघि यसले जोखिममा रहेका व्यक्तिको पहिचान, औषधि भण्डारण, स्वास्थ्यकर्मी तालिम तथा समुदाय सचेतनामार्फत तयारीलाई सुदृढ बनाउँछ । साथै, बिरामीलाई स्व–व्यवस्थापन र आपत्कालीन ‘किट’ मार्फत सशक्त बनाइन्छ भने स्वास्थ्य संस्थाहरूलाई आपूर्ति प्रणाली र समन्वय सुदृढ गर्न सहयोग गरिन्छ ।
त्यसैगरी, पूर्वानुमानमा आधारित पूर्वकार्यअन्तर्गत बाढी वा पहिरोजस्ता सम्भावित विपद्को पूर्वसूचना प्राप्त भएपछि दुई–चार हप्ताका लागि आवश्यक औषधिको पूर्ववितरण, घुम्ती स्वास्थ्य टोली परिचालन, सामुदायिक स्वास्थ्यकर्मी परिचालन तथा उच्च जोखिममा रहेका बिरामीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्यहरू सञ्चालन गरिन्छ । सेवा प्रवाहका माध्यममा ‘पेन–डी प्याकेज’ किट, औषधि, नगद वा नगद–सहितको सहयोग, जनचेतना तथा क्षमता विकास कार्यक्रमहरू पनि समावेश गरिएका छन् ।
विपद्को समयमा नसर्ने रोगसम्बन्धी सेवा प्रभावकारी रूपमा निरन्तर सञ्चालन गर्न पूर्वसूचना तथा पूर्वकार्य प्रणालीलाई स्वास्थ्य सेवासँग एकीकृत गरिएको छ । बाढी तथा पहिरोजस्ता जोखिमसम्बन्धी पूर्वानुमानलाई पूर्वनिर्धारित ‘ट्रिगर’ सँग जोडेर आवश्यक तयारी तथा सेवा सञ्चालन प्रक्रिया सक्रिय गरिन्छ । यसले समयमै सूचना प्रवाह, औषधिको पूर्व भण्डारण तथा स्वास्थ्य टोली परिचालन सुनिश्चित गर्दछ । साथै, पूर्वसूचना प्रणालीमा उच्च जोखिममा रहेका बिरामीहरूको सूची, स्वास्थ्य संस्थाको तयारी अवस्था तथा आपूर्ति शृङ्खलासम्बन्धी सूचकहरू समावेश गरिएका छन् ।
विपद्को समयमा ‘मोबाइल क्लिनिक’, ‘टेलिमेडिसिन’, समुदायमा आधारित अनुगमन तथा पूर्व भण्डारित सामग्री वितरणमार्फत सेवा निरन्तरता सुनिश्चित गरिन्छ । अग्रपङ्क्तिका स्वास्थ्यकर्मी तथा स्वयंसेवकहरूले आधारभूत परीक्षण, परामर्श तथा अनुगमन सेवा प्रदान गर्दछन् । मस्तिष्काघात (स्ट्रोक) वा मधुमेहजन्य जटिलताजस्ता आपत्कालीन अवस्थाका लागि आवश्यक ‘रेफरल’ प्रणालीसमेत सञ्चालनमा राखिन्छ । विपद्पश्चात् नियमित सेवा पुनःस्थापना, उपचार अवरोधका कारण उत्पन्न जटिलताको व्यवस्थापन तथा सिकाइलाई भावी योजनामा समावेश गरिन्छ । ‘पेन–डी प्याकेज’ ले समावेशिता र समानतालाई पनि प्राथमिकता दिन्छ । विशेषगरी ज्येष्ठ नागरिक, फरक क्षमता (अपाङ्गता) भएका व्यक्ति तथा सीमित गतिशीलता भएका व्यक्तिहरूलाई प्राथमिकतामा राखेर ‘कोही पनि पछाडि नछुटोस्’ भन्ने अवधारणालाई व्यवहारमा उतारिएको छ । समुदायको सहभागिता, कार्य विभाजन तथा विकेन्द्रीकृत सेवा प्रवाहमार्फत स्थानीय क्षमताको उपयोग गर्दै सामुदायिक उत्थानशीलता सुदृढ बनाइन्छ । मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग, सुरक्षित आश्रयस्थल तथा बिरामी–केन्द्रित सेवा कार्यढाँचाले यसको प्रभावकारिता अझ बढाउँछ ।
राष्ट्रिय स्तरमा ‘पेन–डी प्याकेज’ को अवलम्बन नेपाल सरकारका लागि रणनीतिक आवश्यकता र अवसर दुवै हो । यसले परम्परागत रूपमा आकस्मिक रोगमा केन्द्रित विपद् व्यवस्थापन प्रणालीमा दीर्घकालीन नसर्ने रोगसम्बन्धी सेवाहरूलाई समेट्दै नीति तथा कार्यान्वयनका कमीहरू पूर्ति गर्दछ । साथै, विश्वव्यापी स्वास्थ्य सेवा पहुँच तथा विपद् जोखिम न्यूनीकरणसम्बन्धी राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतिबद्धतासँग पनि मेल खान्छ ।
देशव्यापी रूपमा ‘पेन–डी प्याकेज’ को विस्तारले सङ्घीयदेखि स्थानीय तहसम्म तथ्यमा आधारित तथा मापदण्डयुक्त कार्यान्वयन सुनिश्चित गर्नेछ । यसले स्वास्थ्य संस्था, आपत्कालीन प्रतिकार्य प्रणाली तथा सामुदायिक सञ्जाललाई विपद्को समयमा नसर्ने रोग भएका व्यक्तिहरूको सुरक्षा र उपचार निरन्तरताका लागि सक्षम बनाउनेछ । साथै, यसले दीर्घकालीन आर्थिक तथा सामाजिक भार घटाउँदै मृत्यु तथा जटिलता न्यूनीकरणमा सहयोग पु¥याउने अपेक्षा गरिएको छ । ‘पेन–डी प्याकेज’ नेपालमा स्वास्थ्य तथा विपद् प्रतिकार्य प्रणालीका लागि समयसापेक्ष तथा अत्यावश्यक नवीन पहल हो । यसले नियमित नसर्ने रोगसम्बन्धी सेवा र आपत्कालीन प्रतिकार्यबीचको खाडल पूरा गर्दै सेवा निरन्तरता, समानता तथा उत्थानशीलता सुनिश्चित गर्दछ । यसको संस्थागत अवलम्बनले जोखिममा रहेका समुदायको संरक्षण, स्वास्थ्य प्रणालीको तयारी सुदृढीकरण तथा विपद्को बीच पनि सुरक्षित भविष्य निर्माणमा महत्वपूर्ण योगदान पु¥याउनेछ ।
‘पेन–डी प्याकेज’ स्वास्थ्य तथा स्वच्छता मन्त्रालयको मार्गदर्शन तथा सहयोगमा स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखासँगको सहकार्य तथा नेपाल रेडक्रस सोसाइटीको नेतृत्वमा विकास गरिएको हो । उक्त प्याकेज निर्माणमा डेनिस रेडक्रस, क्यानाडियन रेडक्रस तथा आरहुस विश्वविद्यालयबाट प्राविधिक सहयोग र नोभो नर्डिस्क फाउन्डेसनबाट आर्थिक सहयोग प्राप्त भएको थियो ।

**‘पेन–डी प्याकेज’ ः सफल अभ्यास, सबै पालिकामा कार्यान्वयन आवश्यक**
नेपाल रेडक्रस सोसाइटीले बर्सेनि बाढी तथा डुबानको उच्च जोखिममा रहेका कैलालीको भजनी नगरपालिका र कञ्चनपुरको लालझाडी गाउँपालिकामा ‘उत्थानशील नसर्ने रोगः पश्चिम नेपालका विपद्–सम्भावित नगरपालिकाहरूमा नसर्ने रोग उपचार सेवाको उत्थानशीलता सुदृढीकरण’ कार्यक्रम सञ्चालन गरेको थियो । कार्यक्रमको मुख्य उद्देश्य विपद्को समयमा नसर्ने रोग भएका व्यक्तिहरूलाई निरन्तर स्वास्थ्य सेवा उपलब्ध गराउने तथा स्थानीय स्वास्थ्य प्रणालीको क्षमता अभिवृद्धि गर्नु रहेको थियो ।
दुईवर्षे परियोजनाअन्तर्गत हालै विपद्को समयमा ‘पेन–डी प्याकेज’ प्याकेजको परीक्षण तथा कार्यान्वयन तयारीका लागि कृत्रिम घटना अभ्यास सम्पन्न गरिएको थियो । विभिन्न प्रोटोकलहरूलाई आठवटा परिदृश्यमा आधारित अभ्यासमार्फत परीक्षण गरिएको थियो । अभ्यासमा पालिका, स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र, विषयगत शाखा, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य संस्था, स्थानीय समुदाय तथा विपद् व्यवस्थापन समितिको सक्रिय सहभागिता रहेको थियो ।
परियोजनालाई स्थानीय तह तथा प्रभावित समुदायले सफल अभ्यासका रूपमा मूल्याङ्कन गरेका छन् । भजनी नगरपालिकाका प्रमुख केवल चौधरीका अनुसार नगरपालिकाका नौवटै वडा बाढी तथा डुबानको उच्च जोखिममा रहेका छन् । विगत केही वर्षदेखि बाढी र डुबानका कारण मानवीय तथा भौतिक क्षति दोहोरिँदै आएको छ ।
उनका अनुसार पछिल्लो समय नसर्ने रोगको बढ्दो भारले बाढीको समयमा समुदायलाई झन् बढी जोखिममा पारेको छ । उनले भने, नसर्ने रोगको समस्या निरन्तर बढिरहेको छ । यसको प्रभाव न्यूनीकरण गर्न ‘पेन डी प्याकेज’ प्रभावकारी उपाय बन्न सक्छ । आगामी वर्षदेखि यसलाई नगरपालिकाको नीति तथा कार्यक्रममा समावेश गर्ने तयारी गरेका छौँ ।
त्यस्तै, लालझाडी गाउँपालिकाका अध्यक्ष निर्मल रानाले ‘रेजिलियन्स नसर्ने रोग उपचार सेवा’ परियोजना कार्यान्वयनपछि नसर्ने रोगसम्बन्धी धेरै जानकारी र अनुभव प्राप्त भएको बताएका छन् । उनले भने, सरुवा रोगभन्दा नसर्ने रोगले मानिसलाई धेरै प्रभावित बनाइरहेको छ । उपचार खर्च पनि दिनानुदिन महँगो हुँदै गएको छ । झन् विपद्को समयमा यस्ता बिरामीको सेवा निरन्तरता सुनिश्चित गर्नु ठूलो चुनौती बन्छ । त्यसैले ‘पेन डी प्याकेज’लाई आगामी नीति तथा कार्यक्रममा समावेश गर्ने निर्णय गरेका छौँ । यसमा सङ्घीय र प्रदेश सरकारको सहयोग आवश्यक छ ।
इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, सामुदायिक स्वास्थ्यविज्ञ डा सबिन पराजुली तथा व्यवस्थापन महाशाखाका सुदीप आलेमगरले ‘पेन डी प्याकेज’ प्रमाणीकरण तथा स्वास्थ्य प्रणालीभित्र आबद्ध गरेर सबै पालिकामा कार्यान्वयन आवश्यक रहेकामा जोड दिए । रासस

# असन्तुष्ट पक्षलाई समेटेर लैजान सभापतिलाई सुझाव

**कास्की ।**
नेपाली कांग्रेसका नेता एवम् पूर्वमहामन्त्री शशाङ्क कोइरालाले पार्टीभित्रका असन्तुष्ट पक्षलाई समेटेर लैजानुपर्नेमा जोड दिएका छन् ।
नेपाली कांग्रेस बृहत एकता र भावी कार्यदिशाको लागि गण्डकी प्रदेशस्तरीय भेला एवम् विचार गोष्ठीलाई पोखरामा सम्बोधन गर्दै नेता कोइरालाले भने, 'पार्टी बलियो भयो भने हामी बच्छौँ, पार्टी कमजोर भए हामी झनै कमजोर हुँदै जान्छौँ ।'
'मलाई कुनै पद चाहिँदैन पार्टी एक हुनुपर्‍यो,' कोइरालाले भने, 'पार्टी सभापतिले विचार, कर्तव्य र आचरणले पार्टीलाई एक ढिक्का बनाउनुपर्छ ।' बिपी कोइरालाले त्यति बेला आफू प्रधानमन्त्री नभई सुवर्णलाई प्रधानमन्त्रीको प्रस्ताव राख्नुभएको उदाहरण दिँदै नेता कोइरालाले गगनकुमार थापा हतारिएर विशेष महाधिवेशनबाट सभापति हुनुभएको टिप्पणी गरे ।
नेपाली कांग्रेसका पूर्वकेन्द्रीय सदस्य किरण पौडेलले पार्टीभित्र एकताको आवश्यकता महसुस भएको बताउँदै कांग्रेस नियमित महाधिवेशनको पक्षमा थियो एक्कासी विशेष महाधिवेशन गर्नु गलत भएको बताए । पूर्वकेन्द्रीय सदस्य एवम् पूर्वमन्त्री सरस्वती अर्यालले पार्टीभित्रका दूरदर्शी नेतालाई पन्छाएर पार्टी सभापति गगनकुमार थापा अगाडि जान नमिल्ने बताउँदै पार्टीका सबै नेतालाई समेटेर लान आग्रह गरिन् ।



**जानकी मन्दिरः** धनुषाको जनकपुरधामस्थित जानकी मन्दिरको शनिबार देखिएको मनमोहक दृश्य । तस्बिरः अमरेन्द्रकुमार यादव

# पाँच किलो अफिमसहित पक्राउ

**नेपालगञ्ज ।**
सशस्त्र प्रहरीले शनिबार नेपालगञ्जमा अवैध लागू औषध अफिम र चरेस बरामद गरेको छ ।
सशस्त्र प्रहरी बल ३० नम्बर गणको सक्रियतामा गण मातहत रहेको बेनवी कालाबन्जरबाट खटिएको सशस्त्र प्रहरी टोलीले नेपालगञ्ज उपमहानगरपालिका–१५, पिप्रहवा सीमा इलाकामा जाँच गर्ने क्रममा साढे पाँच किलोग्राम अफिम र पाँच ग्राम चरेस बरामद गरिएको सशस्त्र प्रहरी बल ३० नम्बर गण, बागेश्वरीका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक भीमबहादुर चन्दले जानकारी दिए ।
उनका अनुसार करिब ५.५ (साढे पाँच) किलोग्राम अफिमजस्तो देखिने पदार्थ र पाँच ग्राम चरेसजस्तो देखिने कालो पदार्थ बरामद गरिएको हो ।
बाँके जिल्लाको सीमा सुरक्षालाई थप सुदृढ बनाउने अभियानअन्तर्गत सशस्त्र प्रहरी बल नेपाल ३० नं गण बागेश्वरीको विशेष निगरानीमा ठूलो मात्रामा लागूऔषध बरामद गरिएको सशस्त्र प्रहरी उपरीक्षक चन्दको भनाइ छ ।
सीमा क्षेत्रमा चोरी–तस्करी, लागूऔषध ओसारपसार तथा अन्य अवैध गतिविधि नियन्त्रणका लागि विगत केही दिनदेखि विशेष सुरक्षा अभियान सञ्चालन हुँदै आएको थियो । सो लागूऔषधसहित पक्राउ परेका एक जनालाई आवश्यक अनुसन्धान तथा कानुनी कारबाहीका लागि नेपाल प्रहरीलाई बुझाइने छ ।
सीमा सुरक्षालाई प्रभावकारी, प्रविधिमैत्री र परिणाममुखी बनाउन सशस्त्र प्रहरी बल नेपाल ३० नं गणले गणपति नेतृत्वमा विशेष सक्रियता देखाउँदै आएको छ ।
पछिल्ला दिनमा चोरी–तस्करी नियन्त्रण, लागूऔषध बरामद तथा सीमा अपराध न्यूनीकरणमा हासिल भएका उपलब्धिले सङ्गठनको प्रतिबद्धता र कार्यकुशलता पुष्टि गरेको उनको विश्वास छ । बरामद गरिएको अफिम र चरेस सहितको व्यक्तिको विषयमा प्रहरीले थप अनुसन्धान गर्ने बताइएको छ ।

# चीनसँगको छोटो व्यापारिक नाका ओलाङचुङ्गोला पुनःसञ्चालन



**ताप्लेजुङ ।**
टिप्ताला नाकामा कर्मचारी व्यवस्थापन भएसँगै पुनः सञ्चालनमा आएको छ ।
फक्ताङलुङ गाउँपालिका–७ का वडाध्यक्ष छेतेन लामाका अनुसार विगतमा ओलाङचुङ्गोलाका स्थानीय कार्यालय सहयोगीका भरमा भन्सार कार्यालय सञ्चालन हुँदै आएको थियो ।
कोभिड–१९ को महामारी फैलिन थालेसँगै भन्सार कार्यालय पूर्ण रूपमा बन्द गरिएकामा अहिले कर्मचारी व्यवस्थापन गरी सञ्चालनमा ल्याइएको उनले जानकारी दिए । भन्सार कार्यालय सञ्चालन गर्नका लागि बिहीबार नायब सुब्बा प्रदीप धिताललाई प्रमुखका रूपमा तोकिएसँगै नाका नियमित सञ्चालनमा आएको उनले बताए ।
'नेपालको पूर्वी क्षेत्रमा चीनको स्वशासित क्षेत्र तिब्बतसँग जोडिएको सबैभन्दा छोटो व्यापारिक केन्द्र ओलाङचुङ्गोला हो । ओलाङचुङ्चुगोलाबाट २४ किलोमिटर दूरी पार गरी नेपाल–चीनको सीमा टिप्तालानाका पुग्न सकिन्छ,' वडाध्यक्ष लामाले भने ।
करिब ४० वर्षअघि निर्माण गरिएको मूल भन्सार कार्यालयको भवन अहिले जीर्ण अवस्थामा पुगेको स्थानीय जनप्रतिनिधिले बताएका छन् । वडाध्यक्ष लामाले आगामी आर्थिक वर्ष २०८३–८४ को बजेटमार्फत नयाँ भवन निर्माण तथा भन्सार कार्यालय सञ्चालनका लागि आवश्यक सामग्री व्यवस्थापन गर्न अर्थमन्त्रालय र भन्सार विभागसँग अनुरोध गरिएको जानकारी दिए ।
भन्सार कार्यालयमा कर्मचारी पठाउनका लागि जिल्लाका जेनजी अभियन्ताले भन्सार विभागमा पटकपटक ताकेता गरेका थिए । ओलाङचुङ्गोला सडक सञ्जालसँग जोडिएपछि अब नियमित रूपमा राजस्व सङ्कलन हुने अपेक्षामा स्थानीय उत्साहित भएका छन् ।

# सल्लाहकारमा शाह



**मधेशदृष्टि**
**पर्सा ।**
प्रतिनिधि सभा सदस्य नरेन्द्र शाहले पर्सा जिल्लाका अर्जुन शाहलाई आफ्नो राजनीतिक सल्लाहकार पदमा नियुक्त गरेका छन् ।
प्रतिनिधि सभा सदस्य साहद्वारा जारी नियुक्तिपत्र अनुसार शाहलाई उनको अनुभव, योग्यता, क्षमता, राजनीतिक समझ तथा सामाजिक सक्रियतालाई मध्यनजर गर्दै जिम्मेवारी प्रदान गरिएको हो ।
नियुक्तिपत्रमा संसदीय कार्यक्रम, जनसम्पर्क, नीति तथा परामर्श, साथै निर्वाचन क्षेत्र विकाससँग सम्बन्धित विभिन्न विषयमा आवश्यक राजनीतिक सुझाव, सल्लाह र सहयोग प्रदान गर्ने विश्वास व्यक्त गरिएको छ ।
यो नियुक्तिसँगै अर्जुन शाहले अब सांसद साहको राजनीतिक तथा सार्वजनिक गतिविधिमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ । पत्रमा अर्जुन शाहलाई सफल कार्यकालको शुभकामना समेत व्यक्त गरिएको छ ।

# मदन भण्डारी नेपाली राजनीतिका दूरदर्शी नेता हुनुहुन्थ्योः पूर्वराष्ट्रपति



**काठमाडौँ ।**
पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले जननेता मदन भण्डारी नेपाली राजनीतिक आन्दोलनलाई सुदृढ वैचारिक आधार प्रदान गर्ने दूरदर्शी नेता भएको बताएकी छन् ।
मदन भण्डारी हीरक जयन्ती मूल व्यवस्थापन समितिद्वारा शनिबार काठमाडौँमा आयोजित 'मिडियामा मदन भण्डारी' पुस्तक विमर्श तथा युवा बहस कार्यक्रममा उनले मदन केवल राजनीतिक नेतृत्वकर्ता मात्र नभई जनताको आकाङ्क्षा, लोकतान्त्रिक मूल्य र राष्ट्रिय आवश्यकतालाई राजनीतिक कार्यक्रममार्फत संस्थागत गर्न सक्ने विशिष्ट चिन्तक भएको बताइन् ।
उनले भनिन्, 'जननेता मदन भण्डारी सामान्य राजनीतिक नेता मात्रै हुनुहुन्नथ्यो, उन विचार निर्माण गर्ने एक प्रखर नेताका रूपमा परिचित व्यक्तित्व हुनुहुन्थ्यो । उनले नेपाली कम्युनिष्ट आन्दोलनलाई नयाँ वैचारिक दिशा दिनुभएको थियो ।'
जननेता मदन भण्डारीका विचार, राजनीतिक योगदान तथा सञ्चारमैत्री व्यक्तित्वमाथि केन्द्रित 'मिडियामा मदन भण्डारी' पुस्तक विमर्श तथा युवा बहस गरिएको थियो । कार्यक्रममा राजनीतिक व्यक्तित्व, सञ्चारकर्मी, युवा तथा विभिन्न क्षेत्रका बुद्धिजीवीहरूको उल्लेख्य सहभागिता थियो ।
कार्यक्रममा जननेता मदन भण्डारीको राजनीतिक जीवन, उनले प्रतिपादन गर्नुभएको जनताको बहुदलीय जनवाद (जबज), मिडियासँगको सम्बन्ध तथा समकालीन राजनीतिमा उनका विचारहरूको सान्दर्भिकताबारे व्यापक छलफल गरिएको थियो ।
कार्यक्रममा सहभागी वक्ताहरूले पनि जननेता मदन भण्डारीको राजनीतिक दूरदृष्टि, वैचारिक स्पष्टता तथा मिडियासँगको सकारात्मक सम्बन्धको चर्चा गरेका थिए । वक्ताहरूले आजको राजनीतिक परिवेशमा पनि मदन भण्डारीका विचार र अभिव्यक्तिको शैली युवापुस्ताका लागि प्रेरणादायी रहेको धारणा राखेका थिए ।

# एसएलआरको म्याग्जिन र गोलीसहित सप्तरीका दुई युवा पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रहरीले काठमाडौँ गोङ्गबुबाट एसएलआरको म्याग्जिन र ४५ राउण्ड गोलीसहित जनालाई पक्राउ गरेको छ ।
पक्राउ पर्नेमा सप्तरी राजविराज नगरपालिका–१३ का २७ वर्षीय खगेन्द्र शर्मा तथा सप्तरी राजविराज–१३ घर भइ हाल काठमाडौँ महानगरपालिका–३२ नरेफाँट बस्ने २२ वर्षीय ओमशङ्कर गुप्ता रहेका जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले राससलाई जानकारी दिए ।
उनले भने, 'काठमाडौँ टोखा नगरपालिका–९ गोङ्गवु शिव मन्दिरस्थित काबेली गेष्टहाउसमा जाँच गर्ने क्रममा ४५ राउण्ड गोली, एसएलआर हतियारमा प्रयोग हुने म्याग्जिन एक थान र मेटलको नक एक थानसहित उनीहरूलाई पक्राउ गरिएको हो ।' पक्राउ परेकामाथि थप आवश्यक अनुसन्धान कार्य सुरु गरिएको प्रवक्ता भट्टराईले बताए ।

# मानव बेचबिखन तथा ओसारपसारमा संलग्न दुई भारतीय पक्राउ

**काठमाडौँ ।**
नेपाल प्रहरीले मानव बेचबिखन तथा ओसारपसारमा संलग्न रहेको अभियोगमा जना भारतीय नागरिकलाई पक्राउ गरी आज सार्वजनिक गरेको छ ।
पक्राउ पर्नेमा भारत देश राजस्थान प्रदेश मागेवास ग्राम पञ्चायत जयपुर जिल्ला बरुणपथ थानाधर ठेगाना भएका २४ वर्षीय छोटुलाल जांगिड तथा भारत राजस्थान प्रदेश सभम विहार मानेवार ग्रामपञ्चाय जयपुर जिल्ला घर भएका २१ वर्षीय देन्वेन्द्रकुमार हरिजन रहेका नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले जानकारी दिए ।
उनले भने, 'ललितपुर महानगपालिका–१४ खुमलटार बस्ने एक बालिकालाई फकाई भारतको दिल्ली जाने बसको टिकट काट्दै गरेको अवस्थामा पीडित बालिकाको उद्धार गरी उनीहरुलाई पक्राउ गरिएको हो ।'
पक्राउ परेका उनीहरू दुवै जनामाथि मानव बेचबिखन ओसारपसारअन्तर्गतमा थप अनुसन्धान कार्य जारी रहेको प्रवक्ता काफ्लेले बताए ।

# ऊर्जामन्त्री श्रेष्ठद्वारा स्युचाटारस्थित विद्युत् भार प्रेषण केन्द्रको निरीक्षण



**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले स्युचाटारस्थित नेपाल विद्युत् प्राधिकरणको विद्युत् प्रणाली तथा सञ्चालन विभाग (भार प्रेषण केन्द्र) को निरीक्षण गर्नुभएको छ । मन्त्री श्रेष्ठले आज साँझ स्युचाटारस्थित नेपाल विद्युत् प्राधिकरणको विद्युत् प्रणाली तथा सञ्चालन विभाग (भार प्रेषण केन्द्र) को निरीक्षण गर्नुभएको हो ।
निरीक्षणका क्रममा मन्त्री श्रेष्ठले मुलुकको समग्र विद्युत् प्रणालीको सञ्चालन, ग्रिडको विद्युत् आपूर्ति व्यवस्थापन र छिमेकी मुलुकसँग भइरहेको अन्तरदेशीय विद्युत् खरिद बिक्रीको वर्तमान अवस्थाबारे जानकारी लिनुभएको थियो ।
निरीक्षणका क्रममा भार प्रेसण केन्द्रका प्रमुख चन्दन घोषले नेपालको विद्युत् माग र आपूर्तिको सन्तुलन, प्रणालीमा आउने प्राविधिक चुनौती र भारतसँग भइरहेको विद्युत् आयात–निर्यातको प्राविधिक पक्षबारे मन्त्री श्रेष्ठलाई अवगत गराउनुभएको थियो ।
निरीक्षणपछि मन्त्री श्रेष्ठले देशको ऊर्जा सुरक्षा र भरपर्दो विद्युत् आपूर्तिका लागि प्रणालीको सुदृढीकरण अनिवार्य रहेको बताए । उनले आन्तरिक खपत बढाउँदै बढी भएको विद्युत् निर्यात गरी आर्थिक लाभ लिन र हिउँदको समयमा हुने विद्युत् मागलाई कुशलतापूर्वक व्यवस्थापन गर्न निर्देशन दिए ।
विद्युत् प्रणालीलाई थप आधुनिक र प्रविधिमैत्री बनाउँदै सम्भावित प्राविधिक जोखिम न्यूनीकरण गर्न मन्त्रालयले आवश्यक सहयोग गर्ने मन्त्री श्रेष्ठले बताए । उक्त निरीक्षणमा मन्त्री श्रेष्ठसँगै नेपाल विद्युत् प्राधिकरणका निमित्त कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठको सहभागिता रहेको थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन